वर्ष : १३, अंक : ४२, काठमाडौं, २०७४ माघ २६ गते शुक्रबार 9 February 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## एकीकृत नमुना दलित बस्ती हस्तान्तरण



रौतहट । रौतहटमा धुर्मुस सुन्तली फाउण्डेशनले निर्माण गरेको सन्तपुर एकीकृत नमूना दलित बस्तीको साँचो राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा नमूना बस्ती निर्माण समितिका अध्यक्ष सत्यनारायण माझीलाई हस्तान्तरण गरिएको छ । कलाकार कट्टेल र कुञ्जना घिमिरेद्वयको पहलमा सन्तपुरमा बाढीपीडित दलित परिवारका लागि भूकम्प प्रतिरोधात्मक सुविधासम्पन्न ४७ घर निर्माण भएको छ । गत असोज ४ गते शिलान्यास भएको सो नमूना बस्तीमा सामुदायिक भवन, मन्दिर, क्लब, दृश्यावलोकनस्तम्भ निर्माण भएका छन् । गत साउनमा आएको बाढीले सो गाउँका दलित परिवारका घर डुबानमा परेको थियो । करिब रू पाँच करोड ९५ लाखको लागतमा निर्मित सो बस्ती निर्माणमा कलाकार कट्टेल दिनरात आफै खटेका थिए । चन्द्रपुर नगरपालिका वडा नं ८ सन्तपुरमा निर्मित नमूना दलित बस्ती हस्तान्तरण समारोहमा राष्ट्रपति भण्डारीले कलाकारद्वय धुर्मुस-सुन्तलीले समुदायको विकासका लागि अतुलनीय काम गरेको बताइन् । कार्यक्रममा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका कार्यकारी निर्देशक युवराज भुसालले समृद्ध नेपाल विकासका लागि धुर्मुस-सुन्तलीको काम ठूलो उदाहरण भएको बताए । हास्य कलाकार महजोडीले पनि नमूना बस्तीको खुलेर प्रशंसा गरे । फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलले सो बस्ती निर्माण सबै सहयोगी हातबाट भएको बताए ।

## सिंहदरबार गाउँ-गाउँमा आएको छैन : ठाकुर



*कार्यक्रमलाई सम्बोधन गर्दै राजपा संयोजक महन्थ ठाकुर ।*

जलेश्वर । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले स्थानीय चुनाव भइसक्दा पनि सिंहदरबार गाउँ-गाउँमा नआएको बताएका छन् । उनले यहाँ हुनुपर्ने अधिकारहरू सिंहदरबारले अझै पनि कब्जा गरी बसेको बताएका हुन् । उनले भने, 'वर्तमान संविधानमा यतिधेरै त्रुटिहरू रहेका छन् कि त्यसले त्यसलाई नसच्याईकन जनताले यो संविधानमा आफ्नो अधिकार पाउन सक्दैनन् ।'

उनले आफूहरू अहिले पनि संविधान संशोधनको मुद्दालाई नछोडे बताउँदै यो संविधान संशोधन नभइकन पूर्णरूपमा कुनै पनि हालतमा लागू हुन नसक्ने ठोकुवा गरे । 'संविधान संशोधन गरिएन भने जसले यो संविधान बनाएका छन् उनीहरूद्वारा नै यो संविधान ध्यस्त हुनेछ', ठाकुरले भने ।

उनले यो संविधान बनाउनेहरू आफैले नै विभिन्न जटिलताका कारण संविधान कायार्न्वयन गर्न नसकेर समाप्त पार्ने खतरा रहेको संकेत गर्दै ठाकुरले थप संघर्षका लागि तयार रहनुपर्ने बताए ।

**राष्ट्रियसभा सदस्य निर्वाचन परिणाम**

| क्र.सं. | राजनीतिक दल | प्रदेश १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेकपा (एमाले) | ५ | १ | ५ | ३ | ४ | ५ | ४ | २७ |
| २ | नेपाली काँग्रेस | २ | २ | २ | ३ | २ | ० | २ | १३ |
| ३ | नेकपा (माओवादी केन्द्र) | १ | १ | १ | २ | २ | ३ | २ | १२ |
| ४ | संघीय समाजवादी फोरम नेपाल | ० | २ | ० | ० | ० | ० | ० | २ |
| ५ | राष्ट्रिय जनता पार्टी नेपाल : | ० | २ | ० | ० | ० | ० | ० | २ |
| | कुल ५६ स्थान | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | ५६ |

राष्ट्रियसभा सदस्यहरूको नामावली पृष्ठ ८ मा

# प्रदेश २ मा राजनीतिक सरगर्मी

## मधेशी गठबन्धनको सरकार निर्माणका लागि घनिभूत छलफल

**सरकार बनाउने विषयमा छलफल जारी रहँदा राजपा र फोरमबीच केही असमझदारी पनि सतहमा देखिएको छ । राजपाले हैसियतभन्दा बढी पद दाबी गरेको आरोप फोरमको छ भने उसले प्रदेश सरकारका लागि राजपाको विकल्पमा गृहकार्यसमेत सुरू गरेको छ ।**

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपाल प्रदेश २ मा सरकार गठनका लागि वार्ता र छलफललाई तीव्रता दिएका छन् । प्रदेश सरकारका लागि गठजोडमा रहेका फोरम र राजपा नेपालले पदीय भागबण्डाका विषयमा अनौपचारिक रूपमा केही खाका तयार पारे पनि त्यसलाई मूर्तरूप भने दिन सकेका छैनन् ।

मुख्यमन्त्रीमा फोरमले दाबी गर्दै आइरहँदा उसले प्रदेशको संसदीय दलको नेतामा मो.लालबाबु राउत गद्दीलाई छानेर भावी मुख्यमन्त्रीको रूपमा प्रस्तुत गरिसकेको छ ।

यद्यपी सभामुख, उपसभामुखलगायतका पद बाँडफाँडबारे छलफल चलिरहेको तर ठोस सहमतिमा पुग्न नसकेको ती दलका नेताहरू बताउँछन् ।

समानुपातिकतर्फको प्रदेश सांसदको निर्वाचन परिणाम आइसकेपछि सरकार गठनबारे अनौपचारिक छलफलमा दुवै दल जुटेका छन् ।

माघ २१ गते बसेको प्रदेशसभाको पहिलो बैठकपछि सरकार गठन प्रक्रियाअघि बढ्ने नेताहरूले बताएका थिए तर अहिले पनि दलहरू

राजपाका सहमहामन्त्री डा.सुरेन्द्र झाले प्रदेश सांसदको निर्वाचन परिणाम घोषणा भएपछि प्रदेश सरकार गठनबारे औपचारिक छलफल जारी रहेको बताए ।

कुल १०७ सिट संख्या रहेको प्रदेश



*सरकार गठनबारे छलफल गर्दै संघीय फोरम र राजपा नेपालका शीर्ष नेतागण ।*

नम्बर २ मा राजपा फोरमको बहुमत छ । समाजवादी फोरमको २९ र राजपाको २५ सिट छ । यीमध्ये कुन दलले कस्तो जिम्मेवारी लिने भन्नेमा दुवै दलमा भागबण्डा सुरू भएको छ ।

झाका अनुसार कुन दलले के जिम्मेवारी लिने भन्ने पदीय भागबण्डापछि मात्र सरकार गठनको प्रक्रिया सुरू हुनेछ । सिट संख्याका आधारमा फोरमले मुख्यमन्त्री र राजपाले सभामुख पाउने लगभग पक्का भए पनि अन्य पदमा भने छलफल चलिरहेको छ ।

संविधानत: प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ ।

प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ ।

तर, प्रदेश नं २ मा मधेशी दलको पल्ला भारी रहेकाले उनीहरूको बहुमतको सरकार बन्ने निश्चित छ । त्यसैले, सरकार निर्माण प्रक्रियाबाट वाम गठबन्धन र काँग्रेस लगभग अलग रहेको छ ।

राजपा सहमहामन्त्री झाले सो प्रदेशलाई विकास र समृद्धिको दिशामा अघि बढाउन ठूलो जिम्मेवारी मधेशी दलको काँधमा रहेको बताए ।

यद्यपि, आफ्ना न्यूनतम् साझा कार्यक्रममा सहमत हुने अन्य राजनीतिक दललाई सरकारमा सहकार्य गर्न आवश्यक पहल गरिने पनि नेताहरूले बताएका छन् ।

सरकार बनाउने विषयमा छलफल जारी रहदा राजपा र फोरमबीच केही असमझदारी पनि सतहमा देखिएको छ ।

राजपाले हैसियतभन्दा बढी पद दाबी गरेको आरोप फोरमको छ भने उसले प्रदेश सरकारका लागि राजपाको विकल्पमा गृहकार्यसमेत सुरू गरेको छ ।

सरकार गठनका विषयमा माघ २३ गते जनकपुरमा फोरम र राजपाबीच भएको छलफल बिनानिष्कर्ष टुंगिएको छ । यद्यपी दुबै दलका नेताहरू पहिलो बैठकबाटै ठोस निष्कर्षमा पुग्न नसकिने बताउँदै आगामी बैठक उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्छन् ।

**चक्रिय प्रणालीको प्रस्ताव**

जनकपुरमा भएको बैठकमा राजपाले तीनवटा प्रस्ताव राखेको थियो । पहिलो प्रस्ताव थियो-मुख्यमन्त्रीसहित दुई मन्त्रालय र दोस्रो प्रस्ताव थियो सभामुखसहित चार मन्त्रालय र तेस्रो प्रस्ताव थियो चक्रीय प्रणालीमा शासन गर्ने । राजपाको आशय अढाइ/अढाइ वर्ष मुख्यमन्त्री भएर प्रदेश २ मा शासन गर्ने थियो । तर राजपाको तीनवटै प्रस्तावमा फोरम नेपालले असहमति जनाइसकेको बताइए पनि राजपाका नेताहरू

बाँकी पृष्ठ ८ मा

## जातीय विभेद र घृणाले मधेशको विकास हुँदैन : यादव



सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले जातीय विभेद र घृणाले मधेशको विकास नहुने बताएका छन् । उनले जातीय सद्भाव र सहिष्णुता कायम गर्न सबैको सोच परिवर्तन आउनुपर्ने धारणा राखे । उनले अभावभित्र पनि सम्भावनालाई पहिचान गर्दै विकास र समृद्धितर्फ अगाडि बढ्नु आजको आवश्यकता भएको बताए । अध्यक्ष यादवले संघीय संरचनामा पनि २ नं प्रदेशलाई विभेद गरिएको उल्लेख गर्दै "संघीयतामा संरचनागत विभेद छ, प्रदेश नं २ मा जति चरम गरिबी, बेरोजगारी र अभाव अन्य कुनै पनि प्रदेशमा छैन," भने ।

## नयाँ सरकार गठनको बाटो खुल्यो

काठमाडौं । संघीय व्यवस्थापिकाको माथिल्लो सदन राष्ट्रियसभाको निर्वाचनसम्पन्न भएसँगै नयाँ सरकार गठनको बाटो खुलेको छ । निर्वाचन आयोगले दुवै सदनको अन्तिम मतपरिणाम राष्ट्रपतिलाई बुझाइसकेपछि सांसदको शपथ र नयाँ सरकार गठनको प्रक्रिया एकैसाथ अघि बढ्ने छ । आवश्यक सबै तयारी र प्रक्रिया पूरा गरी दुवै सदनको सबै निर्वाचन परिणाम आगामी फागुन २ गते राष्ट्रपतिसमक्ष पेश गर्न आयोगले तयारी गरेको छ । दुवै सदनको निर्वाचन सम्पन्न भएसँगै संघीय व्यवस्थापिका सचिवालयले बैठकको आवश्यक तयारी पनि गरिरहेको छ । त्यस्तै धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ । प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ ।

**समय-सन्दर्भ**

रामभरोस कापडि 'भ्रमर'



# प्रदेश २ बनाउने जिम्मेवारी

**नेपालको राजनीतिक इतिहासमा संघीय गणतन्त्र नेपालको मधेशी बाहुल्य २ नम्बर प्रदेशको प्रथम मुख्यमन्त्रीको रूपमा वीरगञ्जकै व्यक्तित्व चयन हुनु आफैमा ऐतिहासिक निर्णय भएकोले वीरगञ्जले सम्भवत: आफ्नो मनोभावको अर्कै रूपमा भए पनि सम्बोधन पाएकै मान्नु पर्दछ ।**

प्रदेश सभाको पहिलो ऐतिहासिक बैठकमा ठूलो दलको हैसियतले संघीय समाजवादी फोरमका उपाध्यक्ष अब प्रदेश संसदीय दलका नेता लालबाबु राउतले निकै गहकिला तर्क साथ दुई नम्बर प्रदेशमा पहिचान त स्थापित भयो तर केन्द्रको गलत नीतिकै कारण आर्थिक रूपमा कमजोर यस क्षेत्रलाई हामी मिलेर सम्पन्न बनाउँदै नमूनाको प्रदेश बनाउन पर्दछ भन्ने उद्गार व्यक्त गर्दा धेरैले उनको अभिभाषण भित्र दुई नम्बर प्रदेशको भावी मुख्यमन्त्रीको संकल्प अभिव्यक्ति प्रति ध्यान नदिएका पनि हुन सक्तछन् । किनकी त्यतिबेलासम्म यादव बाहुल्य यो प्रदेशमा विजय यादव नै नेता घोषित हुने हो की भन्ने धारणा थियो धेरैमा ।

आजसम्म निर्णय क्षमताका धनी मानिएका उपेन्द्र यादवजीको माघ २१ गते राति भएको अकस्मात निर्णय वा पहलले सौहार्दपूर्ण रूपमा सर्वसम्मतिले राउतजीलाई नेता छानि सकिएपछि धेरैलाई माघ २१ गते सदनमा उहाँले दिनु भएको भाषणको अर्थ लाग्न शुरू भइ सकेको छ । अर्थात, दुई नम्बर प्रदेशलाई आर्थिक रूपमा पनि सुदृढ बनाउने गहन जिम्मेवारी अब गठन हुने सरकारको काँधमा आइसकेको छ जसको दृढतापूर्वक नेतृत्वको जिम्मा लालबाबु राउत गद्दीज्यूलाई भेट्ने लगभग निश्चित छ ।

२ नं. प्रदेशको राजधानीको लागि चाहिने सम्पूर्ण पूर्वाधार जनकपुरधामले आफू भित्र राख्दा राख्दै पनि एक्कै परिवारका दाजुभाईबीच अनावश्यक शंका उपशंका आउनु हुँदैन । माघ २१ गतेको सम्बोधनमा स्वयं गद्दीजीले वीरगञ्जमा भइ रहेको आन्दोलन तिर ध्यान आकर्षित गर्दै उक्त समस्याको समाधान सम्वादद्वारा गर्न आग्रह गर्नु भएको थियो । अब जबकी अध्यात्मिक नगरी जनकपुरधाम राजधानीको रूपमा सर्वपक्षीय, सर्वदृष्टिकोणीय उपयुक्त ठहर भइ सकेको अवस्था छ भने वीरगञ्जका साथीहरूको मनोभावलाई अधिकतम सम्बोधन गर्ने जिम्मेवारी पनि उहाँले नै पाउनु भएको छ । नेपालको राजनीतिक इतिहासमा संघीय गणतन्त्र नेपालको मधेशी बाहुल्य २ नम्बर प्रदेशको प्रथम मुख्यमन्त्रीको रूपमा वीरगञ्जकै व्यक्तित्व चयन हुनु आफैमा ऐतिहासिक निर्णय भएकोले वीरगञ्जले सम्भवत: आफ्नो मनोभावको अर्कै रूपमा भए पनि सम्बोधन पाए कै मान्नु पर्दछ ।

२ नं. प्रदेशमा पूर्वाधारका कामहरू निरन्तर भइ रहेका छन् । अहिले भइ रहेको कामहरूमा एडीबी प्रोजेक्ट अनुसारका सडक नाला योजनाहरू, जनकपुरधाम जोडने चार र छ लेनका सकडहरू, जयनगर-जनकपुर-कुर्था-बर्दिवास ब्रोडगेज रेल्वे जस्ता सडक र यातायात सञ्जालका कामहरू धमाधम भइ रहेका छन । राजर्षिक जनक विश्वविद्यालयको स्थापना भइ कार्यहरू पनि अगाडि बढी सकेको छ । विकास निर्माणका यी पूर्वाधारहरू प्रदेश सरकार गठन हुनु अगाबै तत्कालीन भौतिक योजना र गृहमन्त्रीको रूपमा विमलेन्द्र निधि र अन्य दायित्व निर्वाह गरेका पक्षहरूको सहयोगमा शुरू भइ सकेको अवस्थामा अब ती योजनालाई लक्ष्य अनुसार समयमै पूरा गर्ने दायित्व प्रदेश सरकारको जिम्मा गएको छ । पहिचानका साथ आर्थिक समुन्नतिको क्षेत्रमा पनि यो प्रदेश नमुना बन्न सक्ने सम्पूर्ण सम्भावना रहेको छ । मात्र एक्यबद्धता र लगनशीलताको आवश्यकता छ । जो मधेशी जनताको आदेशबाट पनि हुने नै

बाँकी पृष्ठ २ मा

## यसभित्र...

**राजनीतिमा भारत र चीनको प्रभाव**
उपेन्द्र झाको आलेख, पृष्ठ २ मा

**पहिलो बैठकको सन्देश**
सम्पादकीय पृष्ठ २ मा

**सुशासन र विकासमा हाम्रो जोड रहन्छ : मो.लालबाबु राउत गद्दी**
**वीरगन्ज राजधानी नहुँदा प्रदेश २ धान्न गाह्रो हुन्छ : ओमप्रकाश सर्राफ**
अन्तर्वाता पृष्ठ ३ मा

**प्राविधिक जनशक्तिको सम्भावित पलायन**
बेचन कुमार महतोको आलेख पृष्ठ ४ मा

**जनकपुर कि वीरगन्ज ? दुवै मिति बहस गरौं**
राजधानी बहस पृष्ठ ५ मा



# सम्पादकीय



## पहिलो बैठकको सन्देश

माघ २१ गते मधेशको सन्दर्भमा एउटा ऐतिहासिक दिन रह्यो । प्रदेश २ को प्रदेश सभाको पहिलो बैठक बस्दाको क्षण क्रान्तिकारी र ऐतिहासिक अवसर बन्यो जसका लागि मधेशले तीन पटकसम्म आन्दोलन गर्नु पर्‍यो । मधेशले संघीयता, पहिचान र समावेशिताका लागि गरेको तीन पटकसम्मको आन्दोलनकै उपलब्धी स्वरूप देशमा प्रादेशिक संरचना सम्भव भयो र संघीयता लागू हुने क्रममा छ । मधेश संघीयताको जननी भएकाले संघीयता कार्यान्वयन हुँदै गरेको क्षण वास्तवमा स्वर्णिम रह्यो । मधेश आन्दोलनको एक दशकपछि देशमा संघीय शासन व्यवस्था कार्यान्वयनमा आएको छ ।

प्रदेश २ सहित सबै प्रदेशको प्रदेशसभा बैठक सम्पन्न भएको छ । अब सबै प्रदेशसभा प्रादेशिक सरकार बनाउने प्रक्रियामा जुटेको छ । यस सन्दर्भमा प्रदेश २ मा पनि नयाँ सरकार गठनको प्रक्रिया सुरू भएको छ । भावी सरकार कस्तो हुने र उसको कार्यसूचि के हुने अहिले भन्न सकिने अवस्था छैन । तर सफलतापूर्वक सम्पन्न पहिलो बैठकले केही सन्देश भने अवश्य दिएको छ र त्यहि सन्देशलाई आधार मानेर नयाँ सरकारले आफ्नो कार्यसूचि बनाउनुपर्छ ।

प्रदेश २ मानव विकास सूचकांकसँगै भौतिक पूर्वाधारको विकास अभावले पिछडिएको छर । पछिल्लो समय राजनीतिक परिवर्तनसँगै विकासको थुप्रै आधार र सम्भावना खडा भएका छन् । त्यसैले विकासका मुद्दामा हातेमालो गर्ने हो भने यो प्रदेश नमुना, सुन्दर र समृद्ध प्रदेश बन्न सक्छ ।

> **प्रदेश २ मा कृषि, पर्यटन, शिक्षा तथा उद्योगको पर्याप्त सम्भावना छ । अब मुलुकमा संघीयता आएकाले प्रदेशको विकासको योजना प्रदेशसभाले बनाउनु पर्छ ।**

प्रदेश २ को विकासका लागि राजनीतिक प्रतिबद्धता, केन्द्र र प्रदेश सरकारबीचको समन्वय, विकासका लागि खर्चिने बजेटको समयमा निकासा र अख्तियारी आवश्यक छर ।

पहिलो बैठकमा बोल्ने अधिकांश प्रदेश सांसदहरूले प्रदेश २ लाई अखण्ड र एकीकृत बनाउने उद्घोषका साथ मुलुककै सुन्दर सहर बनाउने वाचा गरे । प्रदेशभित्रका बासिन्दाको मुहार फेर्ने योजना सुनाउँदै सदस्यहरूले त्यसका लागि दलहरूबीच सहकार्यको प्रतिबद्धता पनि जनाए । प्राकृतिक स्रोत, साधन, ऊर्जा, पर्यटन, संस्कृति र प्रकृतिका हिसाबले प्रदेश उत्कृष्ट रहेको उनीहरूको भनाइ थियो । सबैभन्दा सुन्दर, सचेत र शान्त प्रदेश बनाउन चाहेका उनीहरूको भनाइ छ ।

प्रादेशिक संसादहरूको उपरोक्त भनाइलाई मात्र कार्यान्वयन गर्ने हो भने प्रदेश २ समृद्ध, उन्नत, विकसित र नमुना बन्न सक्छ भन्नेमा दुई मत छैन । तर त्यसका लागि राजनीतिक प्रतिवद्धता, इमान्दारिता र इच्छाशक्तिको आवश्यक्ता रहेको छ । त्यसैले प्रदेशको सत्ता र प्रतिपक्ष जो भए पनि प्रदेश समृद्ध बनाउनु सबैको दायित्व हो । त्यसका लागि सबै मिलेर अघि बढ्नु पर्छ । संसदीय अभ्यास आफ्नो ठाउँमा हुन्छ तर प्रदेश समृद्धिका लागि सबैको हातेमालो जरूरी छ ।

विकासका हिसाबले पूर्वाधार बनाउन प्रदेशका सबै मिलेर अघि बढ्नुपर्छ । यसमा कुनै पनि दलको टोपी लगाउन जरूरी छैन ।

अब प्रदेशका नेताहरू प्रदेशको समुन्नति र विकासलाई मुख्य एजेन्डा बनाउने संकल्प गरिरहँदा यहाँका बासी भने विकास निर्माणको तीव्र लहर चल्ने अपेक्षा गरिरहेका छन् ।

प्रदेश २ मा कृषि, पर्यटन, शिक्षा तथा उद्योगको पर्याप्त सम्भावना छ । अब मुलुकमा संघीयता आएकाले प्रदेशको विकासको योजना प्रदेशसभाले बनाउनु पर्छ । यदि माटो सुहाउँदो योजना बन्यो भने यो प्रदेश समुन्नत हुन्छ ।

## सताको सात बात



यो संविधान बनाउनेहरू आफैले नै विभिन्न जटिलताका कारण संविधान कार्यान्वयन गर्न नसकेर समाप्त पार्ने खतरा रहेको छ । थप संघर्षका लागि तयार रहनुपर्ने हुन्छ । – **महन्थ ठाकुर, संयोजक, राजपा नेपाल**



केपी ओली नै प्रधानमन्त्री हुनुपर्छ, तर यो मेरो व्यक्तिगत विचार हो, पार्टीमा निर्णय भएको छैन । र, व्यक्तिगतरूपमा यसो भन्न मिल्थ्यो कि मिल्दैनथ्यो, प्रचण्ड अध्यक्ष बन्दा मलाई त आपत्ति छैन । – **झलनाथ खनाल, वरिष्ठ नेता, नेकपा एमाले**



प्रदेश नम्बर २ मा राजपासँग मिलेर नै सरकार बनाउन छलफलमा छौं । प्रदेश २ को मुख्यमन्त्री हाम्रो दलबाट लालबाबु राउतलाई बनाइने र सभामुख राजपालाई दिने कुरामा छलफल भइरहेको छ । – **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



नेताहरूले स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पाएको मतको आधार र प्रक्रियाभन्दा सत्तालाई केन्द्रभागमा राख्न पुग्दा मधेशको मुद्दा सम्बोधन नहुने आशंका बढेको छ । – **भरतविमल यादव, मधेशवादी नेता**



विधिअनुसार नै कांग्रेस चल्नुपर्छ । छिटोभन्दा छिटो महासमिति बैठक बोलाउनुपर्छ । देश संघियतामा गइसकेको छ । तर पार्टीको संरचना एकात्मक शासन प्रणालीअन्र्तगत कै छ । हामीले धेरै काम गर्नुछ । त्यसका लागि महाधिवेशनको आवश्यकता छ । **डा. शेखर कोइराला, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**



आफ्नो भूमिकाको गुरूत्व प्रादेशिक सभाले जति बुझ्न सक्छ, त्यति नै प्रादेशिक सरकारहरू ऊर्जावान हुन्छ । प्रदेशसभाको सदस्यहरूले जुन स्तरमा दक्ष र जिम्मेवारीको प्रस्तुती गर्छन् त्यहीं स्तरको सरकार प्रदेशहरूले पाउनेछन् । – **चन्द्रकिशोर, लेखक**



प्रदेश २ मा हामी सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्छौं । सरकारले जनतामुखी कार्यक्रमहरू गर्‍यो भने सहयोग गर्छौं, जनताको पक्षमा कार्यक्रम बनेन भने त्यसको विरोध गर्छौं । – **रामसरोज यादव, नेपाली कांग्रेसका प्रदेश २ का संसदीय दलका नेता**

# राजनीतिमा भारत र चीनको प्रभाव

## “खस” महिमा र मधेश आन्दोलन : भाग ४००



❖ उपेन्द्र झा

माघ १८ गते भारतीय विदेश मंत्री सुषमा स्वराजको दुई दिने नेपाल भ्रमणले नेपाली राजनीतिमा एउटा नौलो तरंग ल्याई दिएको छ । चीनियाँ प्रभावबाट नेपाली राजनीतिमा सशक्त रूपमा उदाएको एमाले र त्यसको पहलमा बनेको बाम गठबन्धन हालै देशमा सम्पन्न प्रदेश सभा र प्रतिनिधि सभाको चुनावमा अत्यधिक सीट जीतेर बहुमतको सरकार बनाउन तयार बसेका छन् । आगामी सरकार बाम गठबन्धनको बन्ने निश्चित भएपछि त्यसको पूर्व सन्ध्यामा भारतीय विदेश मन्त्रीको एकाएक आगमनले जहाँ राष्ट्रवादी शक्तिलाई झस्काएको छ, उहीं समर्थक शक्तिहरू उत्साहित बनेका छन् । पक्ष विपक्षको विश्लेषणात्मक प्रतिक्रियाले राजनीतिक वृत गर्माएको छ ।

भारतीय विदेश मन्त्रीको भ्रमणबारेको सूचना परराष्ट्र मन्त्रालयले गोप्य राखेकोले यो भ्रमण एक्कासी कसरी भयो भन्ने सर्व साधारणमा कौतुहलता व्याप्त भयो । परराष्ट्र मन्त्रालयले सूचना गोप्य किन राख्यो ? अथवा परराष्ट्र मन्त्रालयलाई भारतीय विदेश मन्त्रीको भ्रमणबारे जानकारी थिएन भने भारतीय विदेश मन्त्रीको भ्रमण (अतिक्रमण) बारे सत्तापक्ष वा प्रतिपक्षको कुनै प्रतिक्रिया आएन । भारतीय विदेश मन्त्रीको नेपाल भ्रमणको आगमनको केही घण्टा पूर्व सर्व साधारणले जानकारी पाए ।

चीनियाँ प्रभावको बाम गठबन्धनले सशक्त र स्थिर सरकार बनाउन निश्चित छ । विकासबाट जनतामा प्रभाव पार्ने बाम गठबन्धनको आगामी कार्य योजना पनि छ । अरू छिमेकीभन्दा आर्थिक सहायतामा चीन सवभन्दा अगाडी देखिएकोले राष्ट्रिय गौरवलगायत अन्य विकासका कामहरू द्युतगतिमा अगाडि बढ्ने विश्वास सबैले लिएका छन् । यी सब यथार्थले बाम गठबन्धन सरकारको लोकप्रियतालाई कसैले रोक्न सक्दैन । प्रतिपक्षमा रहने लोकतान्त्रिक शक्ति गुट उपगुटमा विभक्त भएर चुनावमा अति कमजोर अवस्थामा आएका छन् । चुनावी परिणामले बाम गठबन्धनलाई मजबूत तथा लोकतान्त्रिक शक्तिलाई कमजोर बनाएदेखि राजनीतिक असन्तुलन बढेको छ ।

भारतीय विदेश मन्त्रीको भ्रमणको पूर्व सन्ध्यामा “आगामी सरकार जनवादी सरकार हुने” भन्ने अभिव्यक्ति माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहालको मुखबाट आएदेखि लोकतान्त्रिक शक्ति केन्द्र सशंकित देखिएका छन् । भारतीय विदेश मन्त्री सुषमा स्वराजको नेपाल भ्रमणमा आएपछि “माओवादी केन्द्र र एमालेको एकीकरणलाई प्रतिक्रियावादी शक्तिहरू भाँड्न सक्रिय भएको” भन्ने प्रचण्डको अभिव्यक्तिले लोकतान्त्रिक शक्तिकेन्द्रलाई थप संदिग्ध बनाएको छ ।

भारतीय राजदूतावासको कूटनीतिक सम्बन्धको सक्रियताबाहेक भारतमा मोदी सरकारको उदय भएदेखि नेपाली राजनीतिमा भारतको खासै सक्रियता देखिएको छैन भन्ने समर्थक शक्तिको आकलन छ । नेपाललाई धर्म निरपेक्ष बनाउने शक्तिहरू मोदी सरकारलाई खासै रूचाएनन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको पहिलो अवसरमा नै ट्रमा सेन्टरको भाषणको कटु आलोचना भएको थियो । संविधानमा सबैको प्रतिबिम्ब झल्किने सुझावलाई आन्तरिक हस्तक्षेपको आरोप लगाएर शीर्ष दलहरू खुवै विरोध गरेका थिए । त्यसपछिका दिनमा मोदीको जनकपुर, लुम्बिनी र मुक्तिनाथ भ्रमणलाई रोक्न सुरक्षा व्यवस्थाको कारण देखाएर सरकारले अनेक व्यवधान खडा गर्‍यो । कट्टर हिन्दू समर्थक रहेको भारतीय जनता पार्टीलाई बुझ्ने नेपालका राजनीतिक दलहरू उसको उदयदेखि नै विरोध गर्न थालेका थिए । मोदी सरकारलाई नरूचाउने उपरोक्त प्रमाणहरू यथेष्ट रहेका छन् । मधेशले गरेको नाकाबन्दीलाई पनि भारतले गरेको भनेर व्यापक विरोध भयो । मधेशको माँगलाई भारतले सम्बोधन गर्न किञ्चित समर्थन देखाएपछि ओली नेतृत्वको राष्ट्रवादी शक्तिहरूले त संसारभरि “नेपाली राजनीतिमा भारतीय हस्तक्षेप”को डंका नै पीटे । भारतको विरोध गरेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका अन्धराष्ट्रवादी ताकतलाई संगठित पारि एमाले पार्टीलाई बलियो बनाउन प्रयोग गर्‍यो भने अर्कोतिर नेपाललाई हडप्ने लागेको भारतीय हस्तक्षेप देखाएर चीनसंग प्रगाढ सम्बन्ध बनाउन सफल भयो । भारतले नाकाबन्दी लगाएर दैनिक उपभोग्य वस्तुको आपूर्तिमा रोक लगाएको भनेर चीनसंग पेट्रोलियम पदार्थलगायत दैनिक उपभोग्य वस्तुको सहायता प्राप्त गरेको थियो । चीनसंग पहिलो खेपको सहायता प्राप्त गरि राष्ट्रवादी शक्तिहरू भारतप्रति बढि आक्रामक देखिएका थिए । तर देशप्रेम र देशहित चिताउने शक्तिहरू भारतको यसरी विरोध हुनुलाई अनर्गल भनि रहेका थिए । यस्ता क्रियाकलापहरू देशहितको लागि कदापि हुन सक्दैन भनेर आफ्ना विचारहरू लेखमार्फत स्पष्ट गरि रहँदा पनि आएको राष्ट्रवादी भेल रोकिएन । रोक्ने कारण पनि थिएन । रोकेको भए आज अजेय शक्तिको रूपमा उदाएको बाम गठबन्धन शक्तिशाली हुने थिएन ।

भारतीय विदेश मन्त्रीको नेपाल भ्रमणले नेपाली राजनीति वृतमा कौतुहलता ल्याएको छ । आउने दिन मात्र जानकारी हुने भारतीय विदेश मन्त्री यसरी एक्कासी नेपाल आउने के कारण रह्यो होला ? आम जिज्ञासा पनि सकारात्मक र नकारात्मक दुवै देखिएका छन् । कसैले सकारात्मक त कसैले कूटनीतिक मर्यादा विपरितको भ्रमण भनेका छन् । कसैले बाम गठबन्धन तोड्न त कसैले यो भ्रमणबाट दुवै देशको मित्रता प्रगाढ भएको भनेका छन् । भारतीय विदेश मन्त्री दुई दिने भ्रमण सकेर १९ गते फर्केपछि पनि प्रतिक्रिया आउने क्रम रोकिएको छैन । खास गरि नकारात्मक प्रतिक्रियाले बढि स्थान पाएको छ ।

राजनीतिक, सामाजिक, धार्मिक समानताको तथा भौगोलिक सुगमताको आधारमा भारतसंगको मैत्री सम्बन्ध शताब्दियौं पुरानो हो । प्राकृतिक रूपमा बनेको यो सम्बन्ध बेला बेलामा असन्तुलित भई विषम अवस्था पनि भोगेको छ भने गलती सच्चिएर सम्बन्ध सुधारिएको पनि छ । नेपालका राजनीतिक पार्टीहरूले भारतलाई आफ्नो स्वार्थमा बढि प्रयोग गरेका छन् । प्रधानमन्त्री, मन्त्री बनाउनेदेखि कर्मचारी सरूवा, बढुवा, नियुक्ति समेतमा भारतको प्रयोग गराउने राजनीतिक दलहरूले यसरी नेपाली राजनीतिमा भारतको दखल बनाएका थिए । भारतको सम्बन्धलाई लाभको कसौटीमा आक्ने, पूरा नहुँदा विरोध गर्ने चलन सधैं देखा परेको हो । भारतको विरोध वार्गेनिङको माध्यम पनि बनेको कतिपय उदाहरण छ । यसरी अर्थहीन साना कुरामा भारतमाथि आश्रित रह्ने राजनीतिक दलहरूले भारतको उपस्थिति बिना राजनीति नै गर्न नसक्ने अवस्था बनाएकोले भारतको उपस्थितिलाई हस्तक्षेप भन्नुको तात्पर्य के हो ? यसरी अनावश्यक सधैं प्रयोगमा ल्याउँदा भारतमा हेपाहा प्रवृति विकसित हुनु स्वाभाविक हो । भारतको काँग्रेस ( आई) सरकारले नेपाली राजनीतिको संस्कारलाई राम्ररी बुझेका थिए । भक्तहरूले आह्वान गर्दा तुरून्त प्रकटिने, बरदान दिने र अन्तर्ध्यान हुने नियमित प्रक्रिया थियो । यहाँका राजनीतिक भक्तहरूको भाषा, संस्कृति र व्यवहारको प्रष्ट अर्थ बुझ्ने काँग्रेस (आई) सरकारको पतन भएपछि नवोदित मोदी सरकारलाई नेपाली राजनीतिको भाषा, संस्कृति बुझ्न धेरै ढिला भयो । बुझ्दा बुझ्दै परिस्थिति प्रतिकूल भयो र नेपाली राजनीति विरोधको कित्तामा देखियो ।

मोदी सरकारको उदय हुनुभन्दा पूर्वदेखि नेपाली राजनीतिमा चीनको प्रभाव गहिरिन लागेको थियो । नेपाली राजनीतिमा भारतको उदासीनता बढेदेखि आर्थिक सहयोगका साथ चीनको सक्रियता बढ्नु स्वाभाविक थियो । चीनसंगको नवीन सम्बन्ध आर्थिक सहयोगको आधारमा बढेकोले यसको प्रगाढता दिनानुदिन बढ्दै गयो । मोदी सरकारको नेपालसंग सम्बन्ध नबनेकै अवस्थामा नाकाबन्दीको आरोप खेप्नु पर्‍यो । भारतसंग विरोध भई रहँदा चीनसंगको सम्बन्ध सुदृढ हुन पुग्यो । चीनले पनि एमालेलाई नेपालको सशक्त पार्टी बनाउन प्रशंसनीय भूमिका नै खेल्यो । परिणाम स्वरूप आज बाम गठबन्धन शक्तिशाली स्थिर सरकार दिन तयार बेसेको छ ।

चीनसंगको प्रगाढ मित्रता तथा भारतसंगको सम्बन्ध तनावको अवस्थामा रहेकोले बन्न लागेको शक्तिशाली बाम गठबन्धनको स्थिर सरकारले शक्ति असन्तुलनको आशंकामा भारतसंग सहकार्य गर्ने ईच्छा जाहेर गरेको छ । हिमाल पारिका अप्रत्यक्ष देउताभन्दा खुला सिमानाका दुश्मनबाट बढि खतरा हुने उद्देश्यले नै भारतसंग भावी बाम गठबन्धनको सरकारले सहकार्यको आह्वान गरेको छ । चीनको प्रभावमा चुर्ल्लुम्म डुबेको बाम सरकार भारतसंग मैत्रीपूर्ण सहकार्यको कति सफल अभिनय गर्न सक्छ, यो हेर्न बाँकी छ । दुवै महाशक्ति देशसंग काखा र पाखा लगाउने परराष्ट्र सम्बन्धले नेपाली राजनीतिलाई सहज रूपमा चल्न नदिने कतिपय उदाहरण रहेकोले यस्तो असन्तुलनलाई हटाउन बाम सरकारको ठूलो चुनौती हो । केपी शर्मा ओलीले भारतसंग सहकार्य गर्ने अभिव्यक्ति सार्वजनिक गरे लगत्तै भारतको विदेश मन्त्रीले सद्भावपूर्ण भ्रमण गरि सहकार्य गर्न भारत तयार रहेको स्वीकृति दिएका छन् । भारतीय विदेश मन्त्रीको अप्रत्याशीत नेपाल भ्रमणबाट आउने नकारात्मक प्रतिक्रियाले एकतिर बाम गठबन्धनलाई आशंकित गरेको छ भने समर्थक शक्तिहरूले भारतको सक्रियता बढ्न लागेको आश गरेका छन् । नेपालको भूमिमा चीनको अतिशय प्रभाव भारतको लागि खतरा महसूस गर्ने भारतले सम्भवतः आफ्नो सक्रियता नेपालमा बढाएको हुन सक्दछ । यो बाम गठबन्धनको लागि अनुकूल प्रतिकूल के हुने भन्ने समयले देखाउला ।

> मन नपर्ने मानिसको लुगा गन्हाउने उखान अनुसार तथा नेपालले एकपक्षीय व्यवहारका आधारमा सम्बन्धलाई मैत्रीपूर्ण बनाउन कठीन मात्र होईन, असम्भव देखिन्छ । अब शुरू हुने केपी शर्मा ओलीको कुशल नेतृत्वको अग्निपरीक्षा सफलता वा असफलता के नतिजा दिने आगामी दिनले तय गर्नेछ । राजनीतिक असन्तुलनले सहजता होईन, विषमता मात्र जन्माउने काम गर्दछ, विगतका अनुभवले देखाएको छ ।

**मन नपर्ने मानिसको लुगा गन्हाउने** उखान अनुसार तथा नेपालले एकपक्षीय व्यवहारका आधारमा सम्बन्धलाई मैत्रीपूर्ण बनाउन कठीन मात्र होईन, असम्भव देखिन्छ । अब शुरू हुने केपी शर्मा ओलीको कुशल नेतृत्वको अग्निपरीक्षा सफलता वा असफलता के नतिजा दिने आगामी दिनले तय गर्नेछ । राजनीतिक असन्तुलनले सहजता होईन, विषमता मात्र जन्माउने काम गर्दछ, विगतका अनुभवले देखाएको छ । बन्न लागेको बहुमत प्राप्त बाम सरकारको कार्यकाल सफलतापूर्वक सम्पन्न होस् हाम्रो शुभकामना ।

*समाप्त*

janukjha24@gmail.com

## प्रदेश २ ...

छ भन्ने विश्वास गर्ने ठाउँ छ ।

२ नं. प्रदेशमा भाषाको समस्या ल्याउने प्रयास गरिदैछ त्यो दुर्भाग्यपूर्ण छ । भाषा आयोगले दायित्व पूरा गर्न नसकेकै कारण पनि केही अप्ठ्याराहरू आइ रहेको देखिए पनि बोलिने संख्या मात्रै होइन, त्यसको प्राचीन लिपि, साहित्य र अन्य प्रशासनिक क्षेत्रका अध्ययन सामग्री तयार गर्न सक्षम शब्दहरूको भण्डार पनि भाषाको स्थापनाका आधारहरू हुन सक्तछन । प्रमुख र सहायक भाषाहरूको विज्ञ समूहद्वारा सूची बनाएर त्यस अनुसार कार्य अगाडी बढाउँदा कुनै समस्या आउँछ जस्तो देखिदैन । मात्र इच्छा शक्तिको दृढता र समस्या समाधान गर्ने प्रवल कामना हुनु पर्दछ ।

अन्त्यमा २ नं प्रदेश, एक्काइस जिल्लाको प्रतिनिधि प्रदेश पनि हो - यो सम्झेर मधेश र मधेशीको उत्पीडन र आत्मग्लानीपूर्ण राजधानी बसाइको पीडालाई मत्थर पार्न आत्म गौरव र पहिचानसहितको प्रदेश निर्माण गरी अपनत्व बोधको गरिमामय अनुभूति दिलाउन सके-२ नं. प्रदेशको बन्ने सरकारको अन्य सबै उपलब्धी भन्दा पनि ठूलो उपलब्धी हुने मलाई लाग्छ ।

## के हो राष्ट्रियसभा ?

काठमाडौं । नेपालको संविधानमा व्यवस्था भएअनुसार राष्ट्रियसभा एक स्थायी सदन हो, जसमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानूनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी ५९ जनाको राष्ट्रियसभा गठन हुनेछ ।

राष्ट्रियसभाको पदावधि छ वर्षको हुनेछ, तर गोला प्रथाको माध्यमबाट एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्ष पदावधि कायम रहनेछ ।

संविधानको धारा ८३ बमोजिम प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद् भनिनेछ ।

राष्ट्रियसभाका लागि प्रत्येक प्रदेशबाट तीनजना महिला, एकजना दलित, एकजना अल्पसंख्यक वा अपांगता भएका व्यक्ति तथा तीन खुल्ला सदस्य गरी आठजना हुन्छन् । सात प्रदेशबाट आठ/आठ जना गरी ५६ जना हुन्छन् । एक महिलासहित तीनजना सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनीत गर्ने पनि व्यवस्था छ । त्यसपछि राष्ट्रिय सभाको कुल सदस्य संख्या ५९ जना हुन्छ ।

# सुशासन र विकासमा हाम्रो जोड रहन्छ

**संघीय समाजवादी फोरम नेपालका उपाध्यक्ष मो.लालबाबु राउत गद्दी पार्टीको प्रदेश २ को संसदीय दलको नेतामा चुनिएका छन् । सामान्य परिवारमा ५१ वर्षअघि २०२३ असार १५ गते जन्मिएका प्रदेश २को मुख्यमन्त्रीको कुर्सीसम्म छलाङ मार्न लागिरहेका राउत राजनीतिमा प्रवेश गरेको भने धेरै भएको छैन । २०६३/०६४मा भएको पहिलो मधेश आन्दोलनपछि मात्रै उनी राजनीतिमा होमिएका हुन् । पर्साको मुस्लिमबहुल जगरनाथपुरमा हिन्दु जस्तै नाम भएको मुस्लिम परिवारमा जन्मिएका राउत गाउँमै प्रारम्भिक पढाइ सकेका माध्यमिक तहका लागि पोखरियाको विद्यालयमा भर्ना भए । २०४० सालमा राम्रो अंक ल्याएर एसएलसी सकेका लालबाबु प्रवीणता प्रमाणपत्र तह पढ्न वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा भर्ना भए । स्नातकसम्म वीरगञ्जमै अध्ययन गरिसकेपछि स्नातकोत्तर पढ्न उनी २०४९ सालमा काठमाडौं आए र त्रिभुवन विश्वविद्यालयमा अंग्रेजीमा स्नातकोत्तरको अध्ययन पूरा गरिसकेपछि वीरगञ्ज फर्केर २०५० सालदेखि आफैं पढेको ठाकुरराम बहुमुखी क्याम्पसमा अध्यापन गर्न थाले । साथै उनले कानुनमा एलएलबीसमेत गरेका छन् । अध्यापन सँगसँगै वीरगञ्ज नगरपालिकाको जागिरे पनि भए । नगरपालिकामा अधिकृतको जागिर र आंशिक प्राध्यापकको काम सँगसँगै बढाएका उनी पहिलो मधेश आन्दोलन पछि सक्रिय राजनीतिमा प्रवेश गरे । सुरूमा मधेशी जनअधिकार फोरमको केन्द्रीय सचिव भएर काम गरेका उनी पछि केन्द्रीय सदस्य तथा राष्ट्रिय उपाध्यक्ष समेत भए । दोस्रो संविधान सभाको व्यवस्थापिका संसदको राज्य व्यवस्था समिति तथा संविधानको मस्यौदा बनाउने समितिको अनुभव बटुलेका लालबाबु पार्टीका एक बौद्धिक नेताको रूपमा चिनिन्छन् । लालबाबुसँग मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश:**



**मो. लालबाबु राउत गद्दी**
**उपाध्यक्ष तथा संसदीय दलका नेता (प्रदेश २)**
**संघीय समाजवादी फोरम नेपाल**

**० तपाईं प्रदेश २ को मुख्यमन्त्री बन्ने निश्चित भएको हो ?**
– संघीय समाजवादी फोरम नेपालबाट प्रदेश नं. २ को संसदीय दलको नेतामा म नियुक्त भइसके पछि र यस प्रदेशमा हाम्रो पार्टी सबभन्दा ठूलो रहेकोले यस किसिमका आंकलन हुनु स्वभाविक हो ।

**० सरकार बनाउने विषयमा राष्ट्रिय जनता पार्टी नेपालसँग के कस्तो छलफल भइरहेको छ ?**
– चुनावका बेला हामीले राजपासँग तालमेल गरेर गर्‍यौं । निश्चित रूपमा जनताको म्यान्डेट पनि राजपा र फोरमले संयुक्त सरकार बनाउनु पर्छ भन्ने नै छ । प्रदेश २ मा सरकार निर्माणबारे हामीबीच छलफल भइरहेको छ ।

**० फोरम र राजपाबीच मुख्य रूपमा कुन-कुन विषयमा छलफल चलिरहेको छ ?**
– जनताको म्यान्डेटअनुसार प्रदेश २ मा सरकार कसरी बनाउने, यस प्रदेशमा रहेका चुनौतीहरूलाई कसरी सामना गर्ने, कसरी विकास गर्ने लगायतका समग्र विषयमा नै छलफल भइरहेको छ ।

**० यदि प्रदेशको मुख्यमन्त्री तपाईं बन्नुभयो भने पहिलो प्राथमिकता के हुनेछ ?**
– हाम्रो पहिलो प्राथमिकता सुशासन र त्यसपछि विकास हो । शान्ति र स्थिरता लगायतका कुराहरू नै हाम्रो प्राथमिकतामा हुनेछ ।

**० प्रदेश २ लाई कसरी चिनाउनु हुनेछ ?**
– राज्यबाट उपेक्षित, उत्पीडनमा पारिएको, यहाँका बासिन्दासँग विभेद गरिएको यो प्रदेश हो । यो प्रदेशलाई नमुना प्रदेशको रूपमा विकास गरेर जानुपर्छ । हामी सबैको सहयोग लिएर अगाडि बढ्नुपर्छ । यो प्रदेशलाई नमुना प्रदेश बनाउनका लागि हामी सबै मिलेर अगाडि बढ्नुपर्छ । यस प्रदेशलाई विकास गर्नु नै हाम्रो सामु प्रमुख चुनौती हो । मधेश आन्दोलनले यो मुलुकलाई दिएको संघीयता र संघीयता प्राप्तिका लागि संघर्ष गरेका दलहरू यहाँ शासन गर्ने अवसर पाएका छन् । त्यसैले हामी यस प्रदेशलाई एउटा नमुनाको रूपमा स्थापित गराउन अगाडि बढ्नुपर्छ ।

**० प्रदेश २ का चुनौती के-के छन् ?**
– चुनौती त थुप्रै छन् । मुलुक संघीयतामा गइसकेपछि यो प्रदेशलाई स्रोत साधनविहीन बनाइएको छ । यहाँका जनता सदियौंदेखि उत्पीडनमा परेका छन् । यहाँका भौतिक पूर्वाधारहरू मात्र होइन, स्वास्थ्य, शिक्षा, बेरोजगारी, गरिबी लगायतका समस्याहरू छन् । त्यसैले, यो एकदमै पछाडि पारिएको प्रदेश हो ।

**० यहाँका सम्भावनाका स्रोतहरू के-के छन् ?**
– यहाँका उद्योग-धन्दाहरू तथा कलकारखानाहरू सञ्चालनमा ल्याउनुपर्छ । यहाँका विभिन्न किसिमका जुन गतिविधिहरू छन्, त्यसलाई प्रभावकारी बनाउन सबैको ध्यान जान आवश्यक छ । यी कार्यहरू गरियो भने निश्चित रूपमा यहाँका युवाहरूले रोजगारीको अवसर पाउनेछन् ।

**० प्रदेश २ को राजधानीको विषयलाई लिएर तपाईंकै गृह जिल्लामा आन्दोलन भइरहेको छ, यसलाई कसरी निराकरण गर्नुहुन्छ ?**
– नेपाल सरकारले अहिले अस्थायी राजधानी तोकेको हो । स्थायी राजधानीको संविधानमै व्यवस्था छ । प्रदेशसभाको दुई तिहाईको बहुमतले स्थायी राजधानी तोक्ने संवैधानिक व्यवस्था छ । स्थायी राजधानीका लागि सबैसँग छलफल गरेर कुन ठाउँमा राख्दा सबैलाई सजिलो हुन्छ त्यसैअनुसार अगाडि बढ्नुपर्छ ।

**० मानौं, प्रदेश सभाले जनकपुरबाट वीरगन्जलाई नै राजधानी बनायो भने त्यसबाट उत्पन्न हुने प्रभावलाई कसरी आंकलन गर्नुहुन्छ ?**
– यो विषयमा कुनै एक वा दुई जिल्लाका सांसदको कुरा मान्य हुँदैन । सदनका सबै सदस्यहरूले निर्णय गर्ने कुरा हो । त्यसैले, जुन संवैधानिक प्रावधान छ, त्यसअनुसार नै अगाडि बढ्नुपर्छ ।

**० तपाईंको विचारमा राजधानी कहाँ उपयुक्त हुन्छ ?**
– मेरो मात्र विचार भएर हुन्छ र ? मैले विचार गर्दैमा यो प्रदेश २ लाई स्वर्ग बनाउँछु भनेर सकिँदैन नि । मेरो चाहना हुँदाहुँदै मैले मात्र गरेर हुँदैन । त्यसैले, मेरो चाहनाभन्दा पनि समग्र प्रदेशसभाका सदस्यहरूको चाहना हुनुपर्छ ।

**० यस प्रदेशमा भाषा विवादसमेत देखिएको छ, यसलाई कसरी मिलाउनुहुन्छ ?**
– यतिका दिनसम्म सत्तामा जसले राज गरेका छन् तिनीहरूको छटपटाहटको रूपमा मात्र यो भाषा विवाद देखिएको छ । संघीयतामा गइसकेपछि भाषा के हो र ? सबैको भाषा, संस्कृति, धर्मलाई सम्मान गरिनु पर्छ । लोकतन्त्रको सिद्धान्त भनेको यही हो । सबैको सम्मान गर्नु हो । संघीयतामा गइसकेपछि मेरै भाषा मान्ने जुन सामन्ती सोच छ, त्यसबाट माथि उठ्नुपर्छ ।

**० प्रदेशसभाको पहिलो बैठकमा तपाईंहरूले गरेको सम्बोधनको भाषालाई लिएर विरोध भइरहेको छ नि ?**
– कसले कहाँ के गर्छ त्यो थाहा छैन । यस प्रदेशभित्र मैथिली पनि बोलिन्छ, भोजपुरी पनि बोलिन्छ । मेरो बुझाइमा भाषा भनेको मेरो कुरा सबै सामु पुर्‍याउने माध्यम हो । यसमा कुनै भाषाभाषी समुदायले अपमान भयो भनेर बुझ्नु हुँदैन । सबैको भाषा, संस्कृतिलाई सम्मान गरेर अगाडि बढ्नका लागि नै मुलुक संघीयतामा गएको हो । सबैको पहिचान र सम्मान होस् । विविधता भएको ठाउँमा सबैले आ-आफ्नो धर्म, परम्परा, संस्कृति, भाषा, भेषलाई सम्मान गर्न पाओस् । सबै भाषा र संस्कृतिलाई हामी सम्मान गर्न जान्नुपर्छ ।

**० प्रदेश २ को कामकाजी भाषा वा सम्पर्क भाषा कुन बनाउँदा उपयुक्त होला ?**
– यो त संविधानले व्यवस्था गरेअनुसार नै हुन्छ ।

**० प्रदेश २ का मुख्य समस्याहरू कसरी समाधान गर्नुहुन्छ ?**
– समस्या आइसकेपछि हामी सबै मिलेर समाधान खोज्नुपर्छ । एक जना कसैले समाधान गर्न सक्दैन । यहाँ रहेका चुनौतीहरूलाई समाधान गर्न हामी सबै साहस गर्नुपर्छ । हाम्रो आफ्नो गाउँ-ठाउँलाई कसरी विकास गरेर अगाडि बढ्नुपर्छ भन्नेमा केन्द्रित हुनुपर्छ । यसलाई हामी समाधान गर्न सक्षम छौं । किनभने सदियौंदेखि हामी उत्पीडनमा परेका छौं ।

**० प्रदेश २ को अबको गन्तव्य के हुने ?**
– जुन हामी गर्न खोजेका छौं त्यहीं नै गन्तव्य हो । यो हाम्रो ठाउँ हो, हामी सबैले मिलेर यसलाई बनाउनुपर्छ भन्ने वातावरण बन्नुपर्छ । यहाँ सुशासन होस् । हामी यो मुलुककै एउटा अभिन्न अंग हौं, हामीसँग विभेद छैन भन्ने यहाँका जनताहरू महसुस गरोस् ।

**० शिक्षा, विकास, यातायात, सडक, स्वास्थ्य सबैमा यो प्रदेश कमजोर छ, यसलाई मोडेल प्रदेश कसरी बनाउने ?**
– सबभन्दा पहिले आवश्यक हो सुशासन । यहाँ राज्यले पनि विभेद गरेको छ । राज्यद्वारा यहाँ खटाइएका ब्युरोक्रेट्सहरू छन् । उनीहरूले अहिलेसम्म यसलाई कंगाल बनाउने र आफ्नो महल ठड्याउने जुन किसिमको सोच देखिएको छ, त्यसलाई हटाउनुपर्छ । यहाँ सुशासन कायम गर्नुपर्छ । त्यो सुशासनको माध्यमले यहाँका समस्याहरू समाधान हुँदै जान्छ ।

**० संघीयता मधेश आन्दोलनको उपज हो र प्रदेशको संरचना गठन भएपछि के संघीयता पूर्ण कार्यान्वयनमा आएको हो ?**
– कहाँ पूर्ण कार्यान्वयनमा गएको छ ? अहिले प्रदेशलाई जसरी पंगु बनाउने संवैधानिक व्यवस्था नै छ, प्राप्त उपलब्धिलाई संस्थागत गरेर अगाडि बढ्नुपर्छ । यो हाम्रो बाध्यता पनि हो । यो प्रदेशलाई जसरी उपेक्षा गरिएको छ, त्यसरी नै विस्तारै विस्तारै स्वायत्त अधिकार प्राप्तिका लागि संघर्ष गर्दै अगाडि बढ्नुपर्छ । संघीयता कार्यान्वयनको यो प्रारम्भिक चरण हो । विस्तारै यो कार्यान्वयन हुँदै जान्छ ।

**० संघीयता पूर्ण कार्यान्वयनका चुनौतीहरू के-के छन् ?**
– यहाँ मानवीय विकास सूचकांक हेर्ने हो भने पछि परेको प्रदेश हो । यहाँ गरिबी, अशिक्षा, बेरोजगारी र स्वास्थ्यको अवस्था पनि त्यस्तै छ । हाम्रो मधेशका जुन उब्जाऊ जिल्ला र थोरै पैसामा धेरै विकास गर्ने ठाउँहरू पनि पहाडका दुर्गम जिल्लाभन्दा धेरै पछाडि परेका छन् । यस्ता थुप्रै चुनौतीहरू छन् ।

**० मधेश फेरि राजनीतिक पहिचानका लागि लड्नु पर्छ कि विकासका लागि संघर्ष गर्नुपर्छ ?**
– अहिले पनि संविधानमा रहेका त्रुटिहरू सच्याउनका लागि राजनीतिक दलहरूले प्रयास गर्नै पर्छ । अहिले हामी यहाँ कसरी सुशासन कायम गर्न सक्छौं, कसरी शान्ति व्यवस्था कायम गर्न सक्छौं लगायतका कुराहरूका लागि निरन्तर संघर्ष गर्दै जानुपर्छ ।

**० अब संविधान संशोधनका लागि मधेशी दलहरूको भूमिका कस्तो हुनुपर्छ ?**
– जसको नेतृत्वमा सरकार बन्छ र उसले यदि हाम्रो सहभागिता खोज्छ भने संविधान संशोधनमा उसले के सहयोग गर्छ त्यतातिर हामी लाग्नुपर्छ । संविधान संशोधन भएसम्म हामी कुनै पनि केन्द्रीय सरकारमा जान सक्ने अवस्था छैन । यो कुरा अब बन्ने सरकारका नेतृत्वलाई हामी जानकारी गराइसकेका छौं ।

# वीरगन्ज राजधानी नहुँदा प्रदेश २ धान्न गाह्रो हुन्छ



**ओमप्रकाश सरार्फ**
**प्रवक्ता, वीरगन्ज राजधानी संघर्ष समिति**

> 'आर्थिक शोषण र आर्थिक दोहन गर्नका लागि यसलाई आर्थिक राजधानीको रूपमा अहिलेसम्म परिचय दिँदै आएको हो । तर संवैधानिक रूपमा समग्रमा यो आर्थिक राजधानी हुनैपर्छ ।'

**० तपाईहरूले अहिले आन्दोलन गर्नुपर्ने आवश्यकता किन पर्‍यो ?**
– वीरगन्ज प्रदेश २को राजधानी हुनुपर्ने हाम्रो मुख्य माग हो । वीरगञ्जले सबै मापदण्ड पूरा गरे पनि हरेक पूर्वाधार भए पनि यसलाई राजनीतिक दलहरूले उपाहास गरेको छ, नजरअन्दाज गरेको छ । स्वत: प्रादेशिक राजधानी हुनुपर्ने ठाउँलाई राजनीतिक बेइमानीका कारण वीरगञ्जलाई राजधानी हुनबाट वञ्चित गरिएको छ । यस्तो बाध्यात्मक अवस्था भएकाले हामीले आन्दोलन गरिरहेका छौं ।

**० जनकपुर त अस्थायी राजधानी मात्र तोकिएको हो । स्थायी राजधानी त तोक्न बाँकी नै छ अनि किन आन्दोलन ?**
– अस्थायी राजधानी जनकपुर बनाउनु भन्दा पनि पहिलेबाट नै हाम्रो दबाब सुरू भइसकेको थियो र अझै पनि निरन्तर नै छ । हुन त अस्थायी पनि वीरगन्ज नै हुनुपर्ने थियो तर जनकपुरलाई अस्थायी तोक्यो तर राजनीतिक दलहरूको वीरगन्जप्रतिको अनुदार स्थितिले गर्दा वीरगन्ज अस्थायी राजधानी हुन सकेन । स्थायी राजधानी वीरगन्ज हुनै पर्छ । यसको विरोधस्वरूप हामी निरन्तर आन्दोलन गरिरहने छौं ।

**० त्यसो भए तपाईंहरूलाई जनकपुरसँग वितृष्णा बढेको हो ?**
– छैन । हाम्रो भनाई के हो भने यो प्रदेशको सबै जिल्लाको आफ्नै महत्व छ । यो प्रदेशमा बस्ने सम्पूर्ण जनताको हामी सम्मान गर्छौं, आदर गर्छौं । तर यो प्रदेशलाई धान्नका लागि, समृद्ध बनाउनका लागि, अरू प्रदेशसँग प्रतिष्पर्धामा राख्नका लागि, यो प्रदेशलाई मुख्य रूपमा बचाउनका लागि वीरगन्ज राजधानी हुनुपर्छ । त्यसकारण हामी भन्छौं कि देशभरीकै धार्मिक, सांस्कृतिक राजधानीको रूपमा जनकपुरलाई घोषणा गरियोस् तर प्रदेशको प्रशासनिक राजधानी वीरगन्ज हुनुपर्छ ।

**० वीरगन्ज राजधानी नहुँदा के फरक पर्छ ?**
– वीरगन्ज राजधानी नहुँदा यो प्रदेश धान्न गाह्रो हुन्छ । वीरगन्जको जस्तो सामर्थ्य जनकपुरको नभएको हुनाले यो प्रदेशलाई बचाउनको लागि, यहाँको जनतालाई खुशी राख्नका लागि र यहाँको विकासके लागि वीरगन्ज राजधानी हुनु अनिवार्य छ ।

**० प्रदेश राजधानीका लागि तपाईहरू आफू-आफूमा यसरी लडाई गरिरहनु भएको छ, यस्तो गर्दा सहिदहरूको अपमान गरेको जस्तो लाग्दैन ?**
– यहाँ मधेशवादको कुरा छ । मधेश आन्दोलनमा ज-जसले सहादत प्राप्त गरे । त्यसबेलाको प्रमुख एजेण्डा नै समग्र मधेश एक प्रदेश भन्ने थियो । यदी जनकपुर स्थायी राजधानी भयो भने आगामी दिनमा यो सीमांकनलाई पनि सच्याउन सकिदैन । मधेशवादी दलहरूले स्वीकार गरेर मधेश भनेको ८ वटा जिल्ला मात्र भएको प्रदेश भनेर नीतिगत रूपमा पनि स्वीकार गरेको हुन सक्छ । समग्र मधेश एक प्रदेश बनाउने हाम्रो मुल एजेण्डा थियो । त्यो एजेण्डालाई बचाउनको लागि पनि वीरगन्ज राजधानी हुनुपर्छ । वीरगन्ज राजधानी भयो भने समग्र मधेश एक प्रदेशको लागि फेरी हामी लड्न सक्छौं । त्यसकारण सहिदको सपना साकार गर्नका लागि पनि वीरगन्ज राजधानी हुनै पर्छ । मधेश आन्दोलनको केन्द्रभूमि पनि वीरगन्ज नै हो । वीरगन्जका बजारहरू ६/७ महिना बन्द गरेर पनि मधेश आन्दोलन र सहिदहरूको अस्तित्व जोगाइ राखेका थियौं । त्यसबेला शीर्ष नेताहरूले पनि वीरगन्ज राजधानी हुन्छ भनेर यहाँका जनतालाई आन्दोलनमा होमिन लगाएको कारणले पनि र सहिदहरूको सपना साकार गर्नका लागि र शीर्ष नेताहरूको अभिव्यक्तिलाई कायम राख्नका लागि पनि वीरगन्ज राजधानी हुनुपर्छ ।

**० वीरगन्जलाई आर्थिक रूपमा पनि विकसित गर्न सकिन्छ नि हैन र ?**
– आर्थिक रूपमा त वीरगन्ज आफैमा पनि विकसित छ । अहिलेसम्म आर्थिक राजधानी भन्दै आइएको हो । यहाँबाट राष्ट्रिय पार्टीहरू, क्षेत्रीय पार्टीहरू आर्थिक दोहन गर्दै गए । पूरै नेपाल नै यहाँको आर्थिक स्रोतबाट चलिरहेको छ । अर्थात आर्थिक शोषण र आर्थिक दोहन गर्नका लागि यसलाई आर्थिक राजधानीको रूपमा अहिलेसम्म परिचय दिँदै आएको हो । तर संवैधानिक रूपमा समग्रमा यो आर्थिक राजधानी हुनैपर्छ । कुनै पनि विशेष सुविधा न पहिलाको सरकारले हामीलाई उपलब्ध गराएको थियो न कुनै संवैधानिक वा कानूनी रूपमा नै यसलाई आर्थिक राजधानी बनाएको थियो । उद्योगको लागि पनि सरकारले यहाँ कुनै लगानी गरेको छैन । यहाँका जनता आफैले वीरगन्जमा उद्योग स्थापना गरेर र आर्थिक स्तर उकास्न धेरै मेहेनत गरेर नै वीरगन्जलाई आर्थिक रूपमा सबल बनाएको हो । अहिले शीर्ष दलका केही नेताहरूले आफ्नो अवधारणा बदलेर वीरगन्जलाई आर्थिक राजधानी बनाउनुपर्छ भनेका छन् तर संविधानको कुनै धारामा पनि आर्थिक राजधानी बनाउनुपर्ने भन्ने प्रावधान छैन । यहाँका आम जनतालाई धोका दिएर आफ्ना अभिव्यक्ति बदल्ने काम शीर्ष नेताहरूले गर्दैछन् । बारा, पर्साका जनताको जुन किसिमको विश्वास रहेको थियो, त्यो विश्वास हट्दै गएको छ ।

**० तपाईंहरूको आन्दोलनमा जनसहभागिता कस्तो रहेको छ ?**
– जनसहभागिताको कुरा गर्नुहुन्छ भने प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, मधेश आन्दोलन सबैमा यहाँको जनताको व्यापक सहभागिता रहेको छ । साथै यहाँको जनतामा आक्रोश पनि धेरै छ । आन्दोलनको क्रममा वीरगन्जले जुन किसिमको मानवीय र आर्थिक क्षति बेहोर्‍यो त्यस हिसाबले पनि वीरगन्जलाई राजधानी बनाउनुपर्छ । वीरगन्जलाई राजधानी बनाउनुपर्छ भनेर बच्चादेखि वृद्धासम्मको हामीलाई समर्थन छ ।

**० त्यहाँबाट निर्वाचित प्रतिनिधिले त वीरगन्ज राजधानी हुनुपर्छ भनेका छैनन् नि ?**
– जम्मा पाँच ओटा मुख्य शक्तिहरू छन् । पाँच वटै शक्तिहरूबाट वीरगन्ज राजधानीको माग गर्दै आधाकारिक विज्ञप्ती समेत आइसकेको छ । रह्यो कुरा जनप्रतिनिधिको, जितेको प्रतिनिधिको प्रवक्ता त म होइन तर जो यहाँबाट जितेर गएका छन् उनीहरूको मनमा पनि वीरगन्जप्रति माया छ र उनीहरू पनि वीरगन्ज राजधानी हुनुपर्छ भन्ने इच्छा राखेका छन् ।

**० जनप्रतिनिधिले वीरगन्ज राजधानी चाहेको भए त प्रदेशसभाको पहिलो बैठकमा जनकपुर नजानु पर्ने होइन र ?**
– मुख्य कुरा के हो भने चुनाव जितेर जाने जनप्रतिनिधिहरूले वीरगन्जको बोली बोलिरहेको अवस्था छैन । पार्टी नेतृत्व अनुसारको उनीहरूको गतिविधि देखिरहेको छ । जुन तरिकाले उनीहरूले यसको नेतृत्व लिनुपर्ने थियो यसमा कमी कमजोरी देखिएको छ । उनीहरूको पनि मनमा त छ तर पार्टीको दबाबका कारणले जुन भूमिका निर्वाह गर्नु पर्ने त्यो हुन सकिरहेको छैन । यो जनताको माग, जनमुद्दालाई कदर गर्दै ढिलो चाँडो उनीहरू पनि यो अभियानमा होमिने छन् । केन्द्रीय सरकार र प्रादेशिक सरकार गठन भइसकेपछि जसले अवसर पाउँदैन उनीहरू पनि हाम्रो आन्दोलनमा सरीक हुनेछ भन्ने मलाई आशा र विश्वास छ ।

**० राजधानी जनकपुर भए पनि प्रदेशको मुख्यमन्त्री वीरगन्जकै हुने निश्चित भइसकेको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**
– मुख्यमन्त्री को बन्छ, सभामुख को बन्छ भन्ने कुरा हाम्रो एजेण्डा र विषयवस्तु होइन । मुख्यमन्त्री, मन्त्री फेरिरहे पनि राजधानीको कुरा स्थायी हुन्छ, विकाससँग जोडिएको हुन्छ । त्यसैले त्यो हाम्रो सरोकारको विषयवस्तु नै छैन । जुन ठाउँको मुख्यमन्त्री, सभामुख भए पनि हामीलाई वीरगन्ज राजधानीसँगको सरोकार छ । वीरगन्ज नै राजधानी हुनुपर्छ । त्यसको लागि आन्दोलन हिजो पनि जारी थियो र आज पनि छ र आगामी दिनमा पनि विभिन्न स्वरूपबाट हाम्रो आन्दोलन जारी रहनेछ । वीरगन्जको मुख्यमन्त्री भए पनि त्यसले हामीलाई कुनै किसिमको प्रभाव पार्ने छैन । आन्दोलन आफ्नो गतिमा अगाडी बढ्छ ।

**० निर्वाचनपछि सिंहदरबार गाउँ-गाउँमा भनिएको थियो, यस हिसाबले त राजधानी जहाँ भए पनि केही फरक नपर्ला ?**
– वीरगन्ज यो प्रदेशको मेरूदण्ड नै हो । प्रदेशको विभिन्न नीति छ । त्यो नीतिकै कारणले पनि राजधानी कुन सहरले धान्न सक्छ, त्यो धेरै महत्वपूर्ण कुरा छ । जस्तो जनकपुरको कुरा गर्नुपर्दा त्यहाँ विकासको पूर्वाधार बनाउन नै धेरै भार पर्ने हुन्छ तर वीरगन्जमा पहिलेदेखि नै पूर्वाधारहरू पर्याप्त रहेको छ । अहिलेको पहिलो प्रदेश सभा बैठक गर्नका लागि नै जनकपुरमा धेरै खर्च गर्नु पर्‍यो । यदि वीरगन्जमा त्यो बैठक भएको भए त्यति धेरै आर्थिक भार पर्ने थिएन र त्यो भारलाई धान्न सक्ने क्षमता वीरगन्जमा छ ।

**० नेपालका मन्त्रीहरूले विकासको मामिलामा राजधानी जहाँ भए पनि केही फरक पर्दैन भन्दै आएका छन्, यसमा के भन्नुहुन्छ ?**
– राजधानीले धेरै प्रभाव पार्छ । विकासको कुरा गर्नु हुन्छ भने पर्यटन आवातजावत, रेखदेखको कुरामा राजधानीले प्राथमिकता पाउँछ । यसकारण राजधानी भएको ठाउँले बढी अवसर पाउने र राजधानी नभएकोले कम अवसर पाउने हुन्छ । संघीयता ल्याउन वीरगन्जले कस्तो देन दियो भन्ने कुरा बताइरहनुपर्ने अवस्था छैन । वीरगन्जबासी आफू मरेर भए पनि मधेश आन्दोलनलाई बचाई राख्यो । यसको उपहार स्वरूप पनि वीरगन्जलाई राजधानी दिनु पर्छ । तर जनताको चाहनालाई मारेर, नजर अन्दाज नगरी बस्दा यो आन्दोलनले कुन रूप लिन्छ भन्न सकिदैन । किनभने जनताको चाहनालाई धेरै समय दबाएर राख्न सकिदैन ।

**० यदी वीरगन्जलाई राजधानी बनाइएन भने त्यसपछिको तपाईहरूको रणनीति के हुनेछ ?**
– हामीलाई वीरगन्ज राजधानी हुनेमा पूर्ण आशा र विश्वास छ । अहिले जुन आन्दोलन जारी छ, त्यो आन्दोलनको आवाजलाई समयमा नै सम्बोधन गरियोस् । वीरगन्ज पूर्ण रूपमा आन्दोलित भयो भने थेग्न गाह्रो हुन्छ । त्यसकारण चेतावनीसहित हामीले यो आन्दोलन जारी राखेका छौं । मधेश आन्दोलनसँग हाम्रो लगाव, प्रेम भएकोले हामीले यसलाई जोड्न चाहिरहेका छौं ।

# प्राविधिक जनशक्तिको सम्भावित पलायन



बेचन कुमार महतो

देश रूपान्तरणको घडीमा छ। रूपान्तरण भनेको तिव्र गतिको परिवर्तन हो। रूपान्तरणले नै सुनौलो भविष्यको लागी नयाँ, सिर्जनात्मक र उत्साहजनक अवस्था निर्माण गर्न निरन्तर प्रेरित गर्दछ। राज्यको प्रत्येक अँग र संरचना रूपान्तरणको पर्खाइमा रहेको छ। स्थायी सरकारको मान्यता पाएको निजामती सेवा पनि रूपान्तरणको दौडमा होमिएको छ। यसै सन्दर्भमा निजामती सेवामा कर्मचारी समायोजन चर्चाको विषय वनेको छ। यसका लागी सरकारले समायोजन ऐन ल्याई सकेको छ र समायोजन नियमावली ल्याउने तयारी गरी रहेको छ। निजामती सेवामा रहेका कर्मचारीलाई संघ, प्रदेश र स्थानिय स्तरमा समायोजन गर्दा आकर्षक ढँगले कर्मचारीको मनोवल उच्च हुने गरी समायोजन हुन सक्ने यथेष्ठ आधारहरू हुँदा हुँदै पनि जवरजस्ती र बाध्यात्मक हिसावमा समायोजन गर्न खोजिएको छ। समायोजन कानुन तय गर्दा वा प्रकृया अगाडी वढाउदा न्यायोचित तवरले सरोकारवालाहरू सँग आवश्यक छलफल नै नगरी केही प्रशासकहरूले अवैज्ञानिक तवरले कर्मचारी समायोजन सम्वन्धी सिरीयल वहसहरू चलाउने प्रयास गरि रहेका छन्। प्राविधिक सेवाको ग्लोवल गरिमा र महत्वकाँक्षालाई धारासायी गरी छाड्ने अठोटका साथ कर्मचारी समायोजन प्रकृयालाई अगाडी वढाउने प्रयत्नमा जुटेका छन्। निजामती सेवाका प्राविधिक जनशक्तिलाई पलायनको वाटो रोज्न वाध्य पारिदै छ।

**पलायन किन?**

मानव विकासको क्रम संगै विज्ञान तथा प्रविधिले व्यापक रूपमा फड्को मारिरहेको छ। दैनिक जिवनयापनलाई सहजता तर्फ पनि विज्ञान तथा प्रविधिले डोऱ्याई रहेको छ। अहिलेका वर्षहरूमा देश विकासको मुख्य आधार नै विज्ञान तथा प्रविधिलाई लिइन्छ। देशले विज्ञान तथा प्रविधिमा उचित विकास नगरे सम्म समृद्धी हासिल गर्न नसक्ने अवस्था छ। विश्वको इतिहास तथा पश्चिमी मुलुकहरूलाई हेर्ने हो भने पनि उनिहरूको समृद्धीको आधार नै विज्ञान तथा प्रविधिको विकास हो। प्राविधिक जनशक्ति विज्ञानका अनुयायी हुन। विज्ञानले पलायन वेग एउटा यस्तो गति हो जसमा वस्तुको गति उर्जा र गुरूत्व स्थिति उर्जाको जोड वरावर हुन्छ भनि परिभाषित गरेको छ। गतिको कुनै दिशा हुदैन। कुनै ग्रहको वा पिण्डको पलायन वेग भनेको यस्तो गति हो जसवाट कुनै अर्को वस्तुलाई फालियो भने त्यो वस्तु उक्त ग्रह वा पिण्डको गुरूत्व क्षेत्र वाहिर पुग्दछ भनी विश्वास गरिन्छ र सोही नै प्रमाणित पनि हुने गर्दछ। यसै सन्दर्भमा कर्मचारी समायोजनको लागी कर्मचारी समायोजन ऐन २०७४ जारी भई सकेको छ भने कर्मचारी समायोजन नियमावली स्वीकृतीको प्रतिक्षामा रहेको छ। उपरोक्त अनुसारका कर्मकाण्डी कानुनहरूले करीव ४० हजारको संख्यामा रहेका प्राविधिक कर्मचारीहरूमा अन्यौलता र निराशा छाएको छ। मनोवल गिर्न थालेको छ। संघियता कुनै सेवा समूह विशेष र केन्द्रिय मन्त्रालयको लागी मात्र नभएर निजामती सेवाका सवै समुहलाई कानुनी रूपमा समान ठानेर सम्मानजनक व्यवस्थापन गर्नु पर्नेमा कुनै सेवा समुहलाई मात्र नेतृत्वको रूपमा स्थापित गरी प्राविधिक कर्मचारीको भुमीकालाई कमजोर पार्न खोजिएको छ। प्रशासन सेवाका कर्मचारीहरूलाई महत्व दिई समायोजन ऐन तयार भएको अवस्था छ। पद सोपान, जेष्ठता र योग्यतामा आधारित निजामती सेवाको संरचनालाई स्थानिय तहमा समायोजन गर्न मात्र प्रशासन सेवाको नेतृत्व भित्र रहने गरी ड्राफ्ट कोरिएको हल्लाले प्राविधिक सेवाका कर्मचारीले कति गुणस्तरीय सेवा प्रवाह कुन पदिय हैसियतमा गर्ने छ? भन्ने गम्भीर प्रश्न रहेको छ। "खाए खा नखाए घिच" को वातावरणले पलायन वेग कति हुने हो? विज्ञानका विधार्थीहरूले थप अध्ययन गर्नै वाँकी छ। कर्मचारी समायोजनको मन्दविषले सरकारी सेवाका प्राविधिक जनशक्ति पलायन हुन सक्ने सम्भावित वातावरण फष्टाउने निश्चित छ। सम्भवत: यस्तो पलायन प्रकृयालाई प्रतिभा पलायनको कडिको रूपमा चित्रण गर्न सकिन्छ।

**पलायन प्रकरणको प्रभाव**

प्रतिभा पलायनको चर्चा गर्दा यो सामान्यतया एक मुलुकवाट अर्को मुलुकमा हुने बौद्धिक बसाई-सराईलाई लिन सकिन्छ। यसलाई अझ स्पष्ट रूपमा भन्ने हो भने विकासोन्मुख मुलकवाट विकसित मुलुकमा हुने दक्ष जनशक्तिको बसाई-सराईलाई प्रतिभा पलायनको रूपमा लिन सकिन्छ। साच्चै भन्ने हो भने विकसित मुलुकहरूले विकासोन्मुख मुलुकवाट हुने प्रतिभा पलायनवाट दक्ष र बौद्धिक क्षमतावान जनशक्तिहरू लिएर विकासोन्मुख मुलुकहरूमा एक प्रकारको ठुलो आर्थिक,सामाजिक तथा साँगठनिक संरचना नै उथलपुथल पारेका छन् भन्दा फरक नपरला। त्यसो त मानिसहरू स्वभावत: आफ्नो प्रतिभाको डेमन्सट्रेसन, आर्थिक समृद्धी र सम्मानित जीवनयापनको खोजीमा हुन्छन्। तर जव आफुमा अन्तरनिहिन प्रतिभा देखाउन सक्ने उपयुक्त वातावरण आफ्नो मुलुकमा पाँउदैन्न, देशमा राजनितिक अस्थिरता कायम रही रहन्छ तव उनीहरू विदेशी भूमीमा वसाई-सराई गर्न उत्प्रेरीत हुन्छन्। त्यस्तै जव सिंगो मुलुक आन्तरिक द्वन्दमा फस्दछ र यसवाट खास गरी गरी खाने निम्न र मध्ययम वर्गका मानिसहरू उत्पिडित हुन पुग्दछन्। आफ्नो दैनिक जिवनयापन, शान्ति सुरक्षा र समाजिक सदभाव जस्ता आधारभुत मानवीय विशेषताहरू पनि गौण वन्न पुग्दछन्। यस्तो अवस्थामा प्रतिभा पलायनले तिव्र रूप लिन थाल्दछ। त्यही माथी विकसित मुलुकको आधुनिकिकरणले नलोभिने को नै हुन सक्छ र। भर्खरै केही समय अघि मात्र नेपालका एक जना सरकारी कर्मचारी मुख्य सचिवको पद त्यागी एडिवि मा जागिर खान गएको प्रकरण हामी माझ ताजै छ।

प्रतिभा पलायन आफैमा स्वस्थ्यकर विषय भने पक्कै होइन। देश भित्रको समाजिक आर्थिक संरचना, राजनैतिक अस्थिरता, साँगठनिक व्यवहार, व्यक्तिगत महत्वाकाँक्षा र आपसी सदभावको स्तर जस्ता अति सम्वेदनशिल कारक तत्वहरूले प्राविधिक प्रतिभा पलायनको यात्रालाई मलजल गरि रहेको हुन्छ। यस अर्थमा भर्खरै संघियता कार्यान्वयनको यात्रामा समृद्ध राष्ट्रको खाका कोर्न अग्रसर हुने नेपाल जस्तो देशवाट क्षमतावान, अनुभवी, इमन्दार र लगनशिल प्राविधिक जनशक्तिको सम्भावित पलायन यात्राले देशलाई काहाँ पुऱ्याउने हो? ठुलो चिन्ताको विषय हो। भुकम्प पछिको पुननिर्माण लागी देश भित्रै पर्याप्त जनशक्ति खाँचो रहि आएको अवस्थामा प्राविधिक कर्मचारीको वर्तमानको मनोदशाले उब्जाउने पलायनको मानसिकताले पुन:निर्माणको समग्र प्याकेजको सम्पन्नता कसरी होला? औधोगिक उत्पादनको खस्किदो ग्राफ कहिले उकालो लाग्ला? आयात वढेर निर्यातमा बढोत्तरी भएको कारण चुलिँदो व्यापार घाटा कहिले कम होला? तरकारी, खाधान्न, वोटविरूवा, पशु लगायतका कृषी सम्वन्धी अनुसन्धानमा पर्न सक्ने प्रभाव र कृषी उत्पादकत्वमा पर्न सक्ने दिर्घकालिन प्रभावको उपचार के होला? फलाम, तामा, चुनढुँगा, सुन लगायतका खनिजको अन्वेषण र उत्खन्नमा के प्रभाव पर्ला? जलश्रोतको धनी देशमा जलश्रोतको सदुपयोग कसरी र कहिले होला? वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन कसरी होला? जैविक विविधताको दिगो व्यवस्थापनको प्रविधी कस्ले प्रतिपादन गरि देला? एकिकृत जलाधार व्यवस्थापनको प्राविधिक पक्षको लेखाजोखा कस्ले गर्ला? कडा तथा दिर्घ रोगको उपचार कसरी सम्भव होला? जलवायु परिवर्तनको विश्वव्यापी प्रभाव कसरी न्यून होला? आधुनिक सडक, यातायात, कृषी, सिंचाई जस्ता अति प्राविधिक विषय वस्तुको योजना तर्जुमा र कार्यान्वयन कसरी होला? यी र यस्ता अनगिन्ती सवालहरूले प्राविधिक जनशक्तिलाई भने पक्कै निरूत्तर वनाउने गर्दछ। तर पनि "नखाउ भने दिन भरीको शिकार, खाउ भने कान्छा वाउको अनुहार" भन्ने उखानले प्राविधिक जनशक्तिको पदचाललाई रोक लगाउने गर्दछ। निजामती सेवामा रहदा प्राविधिक विषयका जनशक्तिलाई सामाजिक विषयका जनशक्तिको अधिनमा राख्ने परम्पराले प्राविधिक जनशक्तिमा हिनतावोध थपिएको छ। साथै कार्यक्षेत्रमा पनि प्राविधिक जनशक्तिले प्रशासनिक जनशक्तिको तुलनामा मानसिक तथा शारिरीक परिश्रम वढि गर्नु पर्ने तर सेवा सुविधा समान रहेको विभेदले पनि प्राविधिक जनशक्तिको सम्भावित पलायन प्रकृयालाई वढावा दिने भने निश्चित छ।

उदाहरणको लागी सरकारले हालै आवहान गरेको स्वेच्छीक अवकाश प्रकृयामा प्राविधिक जनशक्तिको वढि आकर्षणले यस पुष्टी गर्न सकिन्छ।

राजनैतिक भागवण्डाको आधारमा उच्च स्तरीय नियुक्ति तथा सिफारिस प्रकृयाले पनि क्षमतावान अनुसन्धानकर्ता प्राविधिकहरूलाई निरूत्साहित पार्दै अन्तत: वैदेशिक पलायनको वाटो देखाउने गरेको सवैले वुझेका छन्, देखेका छन्। अवस्था यति भयावह छ की विश्व वैंकको सन् २००० को तथ्याँक अनुसार विश्वका १० समर्थ कहलाईएका देशहरूमा अनुसन्धान र सूचना प्रविधिका क्षेत्रमा काम गर्ने मध्ये ४५ प्रतिशत अन्य मुलुकवाट आएका भेटिन्छन्। ति मध्ये २४ देश त विकाशोन्मुख वा अल्पविकसित नै छन्। त्यसमा दक्षिण एशियाली मुलुक पनि पर्दछन्। यो प्रवृति विकाशिल देशहरूवाट विकसित तर्फ भई रहेको पाईन्छ। विकाशिल या अल्पविकसित हाम्रो जस्तो देशमा व्याप्त राजनैतिक नैराश्य, अध्ययन अनुसन्धानमा श्रोत साधनको कमी, तलव सुविधा आदिको अव्यवस्था, व्यक्तित्वको सम्मान, अनि समाजिक असुरक्षा जस्ता कारणले सेवावाट वाहिरिने वाध्यता छ।

**कसरी रोक्न सकिन्छ त पलायन प्रकृयालाई?**

अवसरको खोजीमा प्रतिभाको पलायन एक विश्वव्यापी समस्या हो। विश्वव्यापीकरणको अहिलेको समयमा क्षमतालाई भुगोलले चाहेर पनि रोक्न सक्दैन। त्यसैले योग्य नागरिकले आफु अनुकुलको वजार खोजेर पलायन हुनु अन्यथा होइन। तिनको दक्षता उपयोग गर्न सक्ने संयन्त्र भने चाहिन्छ। जनताको ज्ञानको स्तर र आयमा वृद्धी नगरी आर्थिक कान्ति हुदैन। साना तथा मझौला उद्यम गर्न पनि रचनात्मक तथा नविनतम प्रविधिको पहिचान हुनु जरूरी छ। व्यवसायीमा ग्राहकमुखी र श्रेष्ठ कार्यप्रणालीको अनुभव, सीप र उद्यमता चाहिन्छ। आर्थिक कान्ति, सुशासन, गुणस्तरीय शिक्षा एक अर्का संग जोडिएका विषय हुन्, जसको लागी मानव पुँजी चाहिन्छ। यहि मानव पुँजी नै प्राविधिक जनशक्ति हो। यो मानव पुँजीको क्षतिको महसुस गरेर नेपालले पनि भारत र चिनले जस्तो विपरित प्रतिभा पलायनको उपाय खोज्नु पर्दछ। सम्भावित प्राविधिक मानव पुँजीको पलायनलाई रोक्न तथा आकर्षित गर्न वैज्ञानिक अनुसन्धानको लगानीमा वृद्धी गर्नु पर्दछ। प्राविधिक सेवा पहिचानको लागी छुटै प्राविधिक संरचना र संयन्त्रको स्थापना गरीनु पर्दछ। पलायन रोक्न निजामती सेवालाई निम्न वमोजिम व्यवस्थापन गर्न सकिन्छ:

(१) प्राविधिक सेवा प्रवाह गर्ने कार्यालयहरूको सेवाको व्यापकता, संवेदनशिलता, प्रभावकारीताको वैज्ञानिक धरातलमा रही कार्यालय तथा जनशक्ति कुन तहमा समायोजन गर्ने/नगर्ने? प्रयाप्त कारण सहित व्यवस्थापन गर्ने। प्रदेश र स्थानिय स्तरमा समायोजन गर्दा शैक्षिक योग्यता अनुसार एक श्रेणी माथी नियमानुसार वढुवा गरी समायोजन गर्ने।

(२) वस्तुनिष्ठ र वैज्ञानिक आधारमा पद तथा दरवन्दीको सृजना गर्ने।

(३) सेवा सञ्चालन गर्ने मन्त्रालय / निकायले जनशक्ति योजना अनुसार नै भर्ना देखी अवकाश सम्मको योजना तयार गर्ने।

(४) कार्य सञ्चालनमा प्रभावकारीता ल्याउन उत्तराधिकार योजना वनाई लागु गर्ने।

(५) जेष्ठता, योग्यता र क्षमता आधारीत सचिव वढुवा पद्धतीको विकास गर्ने। सेवा सम्वन्धीत प्राविधिक मन्त्रालयमा अनिवार्य सोही सेवाको सचिव नियुक्त गर्ने प्रकृयाको थालनी गर्ने।

(६) पुर्वानुमानयोग्य पारदर्शी र वस्तुनिष्ठ सरूवा प्रणालीको अवलम्वन गर्ने।

(८) पदोन्नतीको स्पष्ट मापदण्ड तय गर्ने।

(९) कार्य सम्पादन मुल्याँकनलाई वस्तुगत र वैज्ञानिक वनाउने।

(१०)दण्ड र पुरस्कारको समुचित प्रयोग गर्ने।

(११)छिटो र पारदर्शी निर्णय प्रकृयाको अवलम्वन गर्ने।

अन्त्यमा, एकातिर दक्ष जनशक्ति पलायनको डर लाग्दो तथ्याँक भने अर्को तिर देशमा श्रमको माँग र आपुर्ति विचको ठुलो खाडल रहेको वर्तमान अवस्थामा प्राविधिक जनशक्तिको सम्भावित पलायन उन्नमुख समायोजन प्रकृयाले वहुआशित समृद्ध नेपालको संवैधानिक सपना माथी नै तुषरापात त हुने होइन? निश्चय पनि आम चिन्तनको विषय हो। प्रशन उठन सक्छ; जिम्मेवार को? सरकार? निर्णयकर्ता? कर्मचारी? प्राविधिक कर्मचारी? सुक्ष्म विशलेषण हुन जरूरी छ।

*(लेखक नेपाल मधेशी निजमती कर्मचारी मञ्चका महासचिव तथा वन सेवाका प्राविधक अधिकृत हुन्।)*

कुनै पनि कारोबार गर्दा तोकिएको वस्तु तथा सेवा बाहेक रू. २० लाख भन्दा बढीको कारोबार भएमा भ्याटमा अनिवार्य रूपमा दर्ता हुनुपर्दछ। कर, तिरी सभ्य नागरिकको परिचय

हामीले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र समृद्ध नेपाल निर्माणका लागि।

आन्तरिक राजस्व विभाग

ठूला करदाता कार्यालय

हरिहरभवन, ललितपुर

## मधेश अपडेट

### कांग्रेस समाप्त हुँदैन : गच्छदार

विराटनगर। उपप्रधानमन्त्री एवम् नेपाली काँग्रेसका नेता विजयकुमार गच्छदारले निर्वाचनमा पराजित हुँदैमा कांग्रेस समाप्त नहुने बताएका छन्। उनले नेपाली काँग्रेसको संगठनलाई क्रियाशील बनाउनुपर्नेमा जोड दिए। नेपाली काँग्रेस मोरङद्वारा आयोजित १ नं प्रदेशबाट विजयी जनप्रतिनिधिको स्वागत सम्मान कार्यक्रममा उनले संगठन बलियो भएमा कुनै पनि निर्वाचन पराजित नहुने धारणा व्यक्त गरे। उनले जनताको स्वतन्त्रता अधिकार प्राप्तिका लागि राणाशासनदेखि नै नेकाले आन्दोलन गरिआएको स्मरण गराउँदै नेपाली जनताको यस पार्टीलाई कसैले पनि समाप्त गर्न नसक्ने बताए।

### "लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ"

कैलाली। राष्ट्रिय जनता पार्टी नेपालकी वरिष्ठ उपाध्यक्ष तथा प्रदेशसभा सांसद मालामति रानाथारूले थरूहट र मधेश आन्दोलनको क्रममा घटेको घटना छानविनको लागि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वको आयोगले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न माग गरेकी छन्। आइतबार प्रदेशसभाको पहिलो बैठकमा सम्बोधन गर्दै उनले सो प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्नुपर्ने माग गरेकी हुन्। 'टीकापुर घटना राजनीतिक घटना रहेकोले तत्काल सम्बोधन गर्नुपर्छ' उनले भनिन्। साथै, उनले प्रतिनिधि सभा सांसद रेशमलाल चौधरीलाई विजयको प्रमाणपत्र दिनुपर्नेमा माग समेत गरेकी हुन्।

### आगलागीमा ज्याउन गुमाउनेको परिवारलाई सहयोग

वीरगञ्ज। गत पुस ५ गते वीरगञ्जको सुपर ग्यास उद्योगमा भएको आगलागीमा परी ज्यान गुमाउनेको परिवारलाई प्रतिनिधिसभा सदस्यमा मधेशी गठबन्धनबाट विजयी सांसद प्रदीप यादवले आर्थिक सहयोग गरेका छन्। उनले आगलागीमा ज्यान गुमाएकै दिन मृतक परिवारलाई जनही १ लाख रूपैयाँ र घाइतेलाई ५० हजारको दरले आर्थिक सहायता गर्ने प्रतिबद्धता जनाएका छन्। सोही प्रतिबद्धता अनुसार सांसद यादवले आगलागीमा परी ज्यान गुमाउने परिवारलाई सहयोग हस्तान्तरण गरेका छन्। आगलागीका क्रममा मृत्यु भएका वीरगञ्ज महानगरपालिका कार्यालयका बारूणयन्त्र शाखाका ३ जना कर्मचारीका परिवारलाई सांसद यादवले महानगरका मेयरको रोहवरमा सहयोग हस्तान्तरण गरेका छन्। वीरगञ्ज महानगरपालिकाले मृतकका परिवारजनलाई राहतसंगै आश्रित परिवारका सदस्यमध्ये एक जनालाई महानगरपालिका कार्यालयमै जागिर र बालबालिकाको पढाईको खर्च समेत बेहोर्ने भएको छ। यसअघि नै महानगरपालिका कार्यालयले मृतकका परिवारलाई जनही २ लाख रूपैयाँ र सुपर ग्यास उद्योगले १ लाख रूपैयाँ आर्थिक सहयोग गरिसकेको छ।

### राजधानी कपिलवस्तु बनाउन माग

इमरान खान, कपिलवस्तु। प्रदेश नम्बर ५ को स्थायी राजधानी कपिलवस्तु बनाउनु पर्नेमा कपिलवस्तुका निर्वाचित सांसद एवं विधायकहरूले जोड दिएका छन्। ऐतिहासिक महत्व बोकेको कपिलवस्तुलाई स्थायी रूपमै राजधानी बनाइनुपर्ने उनीहरूले जोडदार रूपमा माग गरेका छन्। जिल्लाका क्रियाशील राजनीतिक दलहरूले सदरमुकाम तौलिहवामा राखेको अन्तर्क्रिया कार्यक्रममा उपस्थित जनप्रतिनिधीहरूले उक्त माग गरेका हुन्। जिल्लामा क्रियाशिल राजनैतिक दल, प्रतिनिधी सभा सदस्य, प्रदेश सभा सदस्य, बिशिष्ट पदमा रहेका ब्यक्तित्व र पत्रकारको संयुक्त भेलाले गौतम बुद्ध लगायतका बुद्धको जन्म र कर्मस्थलको रूपमा रहेको कपिलबस्तु जिल्लालाई प्रदेश नं. ५ को स्थायी राजधानी बनाउन जोड दिएका हुन्। उनीहरूले प्रदेशसभाको बैठकमा आवाज उठाउने, प्रतिनिधी सभाको साथै दलका नेतृत्वहरूले आआफ्नो पार्टीमा पहल गर्ने प्रतिबद्धता जाहेर गरेका छन्। भेलाले आगामी फाल्गुण ८ गते जिल्लास्तरीय बृहत भेला गर्दै ठोस निस्कर्षमा पुग्ने राजनैतिक दलहरूको सहमती समेत गरेको छ।

### सभामुखको निर्वाचन फागुन २ गते

जनकपुरधाम। प्रदेश नं २ को प्रदेशसभाको सभामुखको निर्वाचन फागुन २ गते हुने भएको छ। आइतबारदेखि यहाँ हुने प्रदेशसभा प्रथम अधिवेशनका लागि बसेको सर्वदलीय बैठकले मस्यौदाको कार्यसूचीलाई सर्वसम्मतिबाट अनुमोदन गरी सो मिति निर्धारण गरेको जनाइएको छ। संघीय संसद् सचिवालयका उपसचिव वंशीराज पौडेलले मस्यौदामा सामान्य संशोधन गरिएको बताउँदै सभामुखको निर्वाचनको तालिका २९ गते निर्धारण गरिने जानकारी दिए। कार्यव्यवस्था परामर्श समितिको माघ २९ गते बिहान ८ बजे बस्ने बैठकले सभामुखको निर्वाचन तालिका निर्धारण गरी सोही दिन १ बजे बस्ने प्रदेशसभाको बैठकमा सो तालिका प्रस्तुत गरिने बताइएको छ। बैठकले नियमावली मस्यौदा समिति गठन सम्बन्धमा विस्तृत छलफल गरी अर्को बैठकमा अन्तिम रूप दिने निर्णय गरेको छ।

### यादव कारागार चलान

राकेश यादव, रौतहट। रौतहट जिल्ला अदालतले जवरदस्तीकरणी मुद्दाको एक आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ। नाबालिक बालिकाको जबरदस्ती करणी गरेको भनी पीडित पक्षले दिएको जाहेरी दरखास्तको आधारमा पक्राउ परेका स्थानीय ईशनाथ नगरपालिका वार्ड नम्बर २ निवासी ४५ वर्षीय शम्भू यादवलाई अदालतले थुनामा राखी मुद्दाको बाँकी कार्यवाही गर्न आदेश दिएपछि कारागार चलान गरिएको हो। १३ वर्षीया बालिकालाई जवरदस्ती करणी गरेको पीडितको आरोप रहेको छ।

### विभेदबाट स्वास्थ्यकर्मीहरू पनि पीडित छन्

वीरगन्ज। पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद प्रदीप यादवले स्वास्थ्यकर्मीहरूलाई राज्यले हेर्ने दृष्टिकोण विभेदकारी रहेको बताएका छन्। वीरगन्जमा मधेशी स्वास्थ्यकर्मी फोरम पर्साको तेश्रो जिल्ला अधिवेशनको उद्घाटन समारोहलाइ सम्बोधन गर्दै सांसद यादवले स्वास्थ्यकर्मीहरूको समस्या सम्बोधनका लागि सरकार इमान्दार नदेखिएकाले नै स्वास्थ्यकर्मीहरू विभेदमा परेको बताए। संघीय समाजवादी फोरम नेपाल पर्साको अध्यक्ष समेत रहेका सांसद यादवले अब भने स्वास्थ्यकर्मीहरूको समस्या सामधानका लागि आफुले सदन भित्रै आवाज उठाउने प्रतिबद्धता जनाए। उनले स्वास्थ्यकर्मीहरूको समस्या सामधानका लागि आफनो पार्टी फोरम नेपाल पनि इमान्दारीताका साथ लाग्ने बताए।

### कलेजमा अनिश्चितकालीन तालाबन्दी

**राम नारायण पंडित**, सिरहा। ब्रम्हचारी दामोदरानन्द कलेज मिर्चैयाका विद्यार्थीहरूले नियमित रूपमा पठनपाठनको माँग गर्दै आज (बुधबार) देखि कलेजमा अनिश्चितकालिन तालाबन्दी गरेका छन। कलेज प्रमुख संजय कुमार साहले मंगलबार कलेजमा आएर बुधबार आबश्यक छलफल गरि नियमित रूपमा कक्षा संचालन गर्ने बताएपनि नआएपछि आकोशित बिद्यार्थीहरूले कलेजमा अनिश्चितकालिन तालाबन्दी गर्नुका साथै तोडफोड गरेका छन्। कलेज प्रमुखको कार्यकक्षमा रहेका कुर्सी, टेबल लगायतका समानहरू बाहिर फालेर तालाबन्दी गरेको बिद्यार्थी लक्ष्मेश्बर कापरले बताए। पठनपाठन लामो समयदेखि नियमित रूपमा संचालन नभएको भन्दै पटक- पटक कलेज प्रशासनलाई जानकारी गराएपनि कुनै सुनुवाई नभएकोले बाध्य भएर तालाबन्दी गर्नु परेको अर्का बिद्यार्थी अरबिन्द सहनीले बताए। कलेजका प्रमुख साहले एकलौटी रूपमा कलेज संचालन गरी बिद्यार्थीको भबिष्यमाथी खेलबाड गरिरहकोले तालाबन्दी गर्नु परेको अर्का बिद्यार्थी रबिन साहले आरोप लगाए। आफुहरूले लामो समयदेखि कलेजको शैक्षिक, आर्थिक, ब्यबस्थापकीय सुधारको माँग गरेपनि कलेज प्रशासनले ध्यान नदिदा बाध्य भएर तालाबन्दी गर्नु परेको कलेजमा अध्ययरत बिद्यार्थीहरूको भनाई रहेका छन्। बिषयगत शिक्षक बिना नै आफुहरूलाई अध्ययन गर्न बाध्य बनाएको उनीहरूको आरोप रहेका छन्। कलेजले माँग पुरा नगरेसम्म तालाबन्दी जारी रहने बिद्यार्थी लक्ष्मेश्बर कापरले चेताबनी दिएका हुन्। मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादबले बिद्यार्थीहरूको समस्या जायज रहेकोले आबश्यक समन्वय गरि निकास दिने बताए। कलेज प्रशासनले अटेरी गरे सम्बन्धित निकायसंग छलफल गरि समस्या समाधान गर्ने समेत नगर प्रमुख यादबले स्पष्ट गरे। कलेजले आफुखुसी बिना बिज्ञापन शिक्षक भर्ना, त्रिबि नियम बिपरित मनोमानी ढंगले शुल्क बृद्धि र बिषयगत शिक्षक नराखेको जस्ता काम गर्ने गरेको बिद्यार्थीहरूको आरोप रहेका छन्।

# जनकपुर कि वीरगञ्ज ? दुबै मिलि बहस गरौं





संजय तिवारी

मधेश आन्दोलनको जगमा स्थापित भएको संघीयता र सो संघीयताबाट प्राप्त आंशिक उपलब्धिहरूलाई उपभोग गर्ने चरणमा मधेशका सवा करोड नागरिक प्रवेश गरेका छन् । हालको प्रदेश नम्बर २ नेपालमा रहेको मधेशीहरूको 'कोर' एरियालाई समाहित गरि नक्साङ्कन गरिएको छ ।

आन्दोलन ताका समग्र मधेश एक प्रदेशको डिमाण्डलाई ८ जिल्लाको प्रदेशमा पुर्याइदासम्म यहाँका सबै जनता मधेशि भएर संघर्ष गरेका हुन् । अहिले त्यहि २ नम्बर प्रदेशमा मधेशीहरूबीच नै दरार खडा गर्ने प्रपञ्च गरिदै छ । विभिन्न इतिहास बोकेको समग्र मधेश एक बहुपहिचान भएको प्रदेश थियो ।

मिथिला, भोजपुर, कोचिला, अवध आदि यस प्रदेशभित्र भएका बहुपहिचानहरू हुन, तर यि सबै पहिचानलाई एकत्रित गरि स्थापना भएको पहिचान मधेश र मधेशीको पहिचान हो ।

प्रदेशको नामाङ्कन र सीमाङ्कनका विषयमा भइरहेको खिचातानि, यहाँका समग्र मधेशी नागरिकको मतादेश र जनादेशको अपमानसरी फैलिदैछ ।

मुख्य रूपमा राजधानिको विषयमा वीरगञ्जमा भईरहेको प्रदर्शन र अस्थायी मुकाम स्थापना भएपछि जनकपुरमा देखिएको उन्माद यस प्रदेश र यहांका नागरिकहरूको जनादेशको खिलाफ रहेको स्पष्ट छ ।

प्रदेशका जनताले आफ्नो प्रतिनिधि प्रदेशसभामा पठाइसकेका छन् । जनप्रतिनिधिहरूले आफ्नो बिबेक प्रयोग गरि नामाङ्कन र सिमाङ्कनका बिषयमा निर्णय लिने छन् । र संबिधानले दिएको अधिकार पनि उनिहरूमै छ ।

राजधानिको मापदण्ड, भौतिक पुवाधार, जनताको पहुच र अन्य धेरै कुराहरूमाथिको बिचार बिमर्श पश्चात लिईने निर्णय हो ।

वीरगञ्जमा आन्दोलन गरिरहेका ब्यक्ति जसलाई त्यहांका नागरिकले दुई-दुई पटक पराजित गरे त्यस्ता ब्यक्ति अहिले

## राजधानी बहस

चुनावमा हारेका बिरगञ्जका केहि दर्जन राजनितिज्ञहरूले (जो कि मधेश आन्दोलनका बिरोधि हुन) यस प्रदेशभित्रका नागरिकहरूको सोहार्द बिगार्न अग्रसर छन् । यता जनकपुरमा समेत सोहि प्रकारका ब्यक्ति बिरगञ्जलाई जिस्क्याउने र बातावरण बिगार्ने क्रियाकलापमा परिचालित छन् ।

प्रदेशको राजधानि कुन हुन्छ त्यो सडकबाट घोषणा गरिने बिषयबस्तु नभई सदनबाट पास गरिने बिषयबस्तु हो ।

वीरगञ्जलाई राजधानी बनाउने मुख्यमन्त्रीलाई डेढ करोडको कार पुरस्कार दिने 'कुघोषण' गरिरहेका छन् ।

जे होस, मधेशका जनता सबै बुझेका छन् । मधेशलाई कसले, कहिलेदेखि दास बनाएर शोषण गरेका छन् र कसले अधिकारका लागि संघर्ष गरेका छन् भन्ने कुरा सबैलाई थाहा छ ।

नामाङ्कन र सीमाङ्कनको कुरा छ, बरू जनकुर र वीरगञ्जका नागरिक आम छलफन गरून, कसलाई कुन ठाउंबाट के समस्या छ ?, वीरगञ्जलाई जनकपुर र जनकपुरलाई वीरगञ्ज किन पाच्य छैन ? छलफल गरौं, कुरा गरौं, हरेक समस्याको समाधान कुराकानिबाट हुन्छ र यस समस्याको समाधान पनि कुराकानीले नै निस्किन्छ ।

समस्या समाधानका अन्य बाटोहरू पनि छन, तर त्यसकालागि यि दुबै भेगका नागरिकबिच सामिप्यता रहिरहनुपर्ने हुन्छ । यहां मिथिला वा भोजपुराको होईन कि, मधेशको कुरा गर्नुपर्छ । मधेश सबैको पहिचान हो र सोहि पहिचानले आज सयौं वर्षको शोषण पश्चात मधेशि जनताको आंशिक भएपनि आफ्नो सरकार बन्दैछ ।

यो समय न त एकआपसमा लडाई गर्ने समय हो न त मनमुटाव गर्ने । अहिले बिकाश गर्ने समय आएको छ । सबै मिलि बिकाशका लागि दबाव दिऔं । आत्मनिर्भरता, रोजगार, शुरक्षा र सम्मानका लागि अगाडि बढौं, अनि मात्र हुन्छ मधेशको बिकाश ।

# 'सलहेस: द पिपुल्स हिरो' को अडिसन हुने




काठमाडौं । करिब १५ सय वर्षअघिको ऐतिहासिक कथामाथि बन्न लागेको फिल्म 'सलहेस: द पिपुल्स हिरो'ले कलाकार छनौट गर्ने भएको छ । मिथिलाका राजा सलहेसको गाथामाथि निर्माण हुने यो फिल्मका लागि कलाकारको अडिसन आव्हन गरिएको हो ।

फिल्ममा रहने सलहेस राजाजयवर्द्धन शैलेस, मन्दोदरी, भैरव भुपाल, मोतिराम, बृधेश्वर, करिकन्हा, राजा सैनी, रेश्मा, हिनपत लगायत ३० ऐतिहासिक मुख्य पात्रहरूसहित दर्जनौं सपोर्टिङ रोल पनि अडिसनबाटै छनौट गरिने फिल्मका निर्देशक अमितेश शाहले जानकारी दिए । 'यो फिल्म ऐतिहासिक कथामाथि बन्ने भएकाले हामीले क्यारेक्टर सुहाउँदा कलाकार छनौट गर्छौं, चलेकै कलाकार राख्दा पनि क्यारेक्टर अनुसार अडिसन गराएरै राख्छौं,' निर्देशक शाहले भने ।

निर्माता राजकुमार महतोका अनुसार आवेदनका आधारमा कलाकार खोज्दै फिल्म युनिट अडिसनका लागि विराटनगर, जनकपुरधाम, नेपालगञ्ज, काठमाडौंसहित भारतको दरभंगा, पटना, मुम्बई, दिल्ली, कलकत्ता, बंगलादेशको ढाका र चीनको बेजिगंसम्म पुग्ने लक्ष्य छ ।

फिल्मलाई अमितेश साहले निर्देशन गर्ने भएका छन् । उनको यो पहिलो फिचर फिल्म हुनेछ । यो फिल्मले अन्तराष्ट्रिय फिल्म महोत्सवहरूमा अवार्डसमेत जितेको छ ।

करिब पाँच करोड अनुमानित बजेट राखिएको यो फिल्मको छायांकन धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सुनसरी, मोरङ, झापा, चितवन र भारतका स्थानहरू हुने निर्माता महतोले जानकारी दिए ।

## चिसोपीडितलाई राहत

**चन्दनकुमार यादव,** राजविराज । चिसोबाट पीडित गरिब असहाय तथा शारीरिक रूपमा अशक्त भई कष्टकर जीवन बिताउन बाध्य १ सय १ जनाले शनिबार न्यानो कम्बल पाएका छन् । राजविराज नगरपालिका वडा-१३ मा एक कार्यक्रमको आयोजना गरी धर्मी हल्फा महिला विकास क्लब राजविराजले हेल्प नेपाल नेटर्वक काठमाडौंको सहयोगमा चिसो पीडित गरिब असहाय र शारीरिक रूपमा आशक्तहरूलाई राहत स्वरूप कम्बल वितरण गरेका हुन् । चिसोबाट पीडित गरिब असहाय र अशक्तको जीवन सहज होस् भन्ने उद्देश्यले न्यानो कम्बल वितरण कार्यक्रमलाई निरन्तरता दिइएको क्लबका अध्यक्ष इन्जिनियर सूर्यनारायण यादवले बताए । राहतसगैं चेतना समेत बाँड्दै आएका उनले सो अवसरमा सरसफाइमा ध्यान दिन, छोराछोरीमा भेदभाव नगर्न, आमा बुबा र बृद्ध बृद्धाको सम्मान गर्न र बालबालिकालाई नियमित विद्यालय पठाउन शिक्षा पनि दिए । कार्यक्रमका प्रमुख अतिथि नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष एवं पत्रकार एमके माझीले क्लबले आउँदो दिनमा समेत यस्ता सेवामूलक कार्य गर्ने विश्वास व्यक्त गरे ।

## चीनको सहयोगमा बाढी पीडितलाई राहत

काठमाडौं । चीनको सहयोगमा पर्साका बाढीपीडितलाई राहत वितरण गरिएको छ । गणतन्त्र चीन सरकारले यूएनडीपी मार्फत पर्साको विन्दवासिनी गाउँपालिका वडा नं २ को १ सय ७७ जना बाढीपिडितहरूलाई राहत वितरण गरिएको हो । तराई क्षेत्रका बाढी पीडित कार्यक्रम अन्तर्गत वितरण गरिएको राहतमा ४ प्रकारका गैर खाद्य सामाग्री रहेको सुर्योदय युवा क्लबका कार्यक्रम संयोजक दिलिपराज कँडेलले जानकारी दिए ।

## दीपिका पादुकोण नेपाल आउने

काठमाडौं । चर्चित बलिउड अभिनेत्री दीपिका पादुकोण नेपाल आउँदै छिन् । उनका साथमा अभिनेता इरफान खान पनि हुनेछन् । दीपिका र इरफान फिल्म सुटिङका लागि नेपाल आउन लागेका हुन । उनीहरू ५ मार्चमा काठमाडौं आइपुग्ने कार्यक्रम छ । विशाल भारद्वाजले निर्देशन गर्ने फिल्मका लागि उनीहरू नेपाल आउन लागेका हुन् । फिल्मको नाम भने तय भइसकेको छैन ।

## संक्षिप्त समाचार

### प्रदेश १ को प्रदेशसभा बैठक सम्पन्न

विराटनगर । प्रदेश नं १ को प्रदेशसभाको पहिलो बैठक सम्पन्न भएको छ । बैठकको अध्यक्षता गरेका जेष्ठ सांसद ओम प्रकाश सरावगीले प्रदेश प्रमुख गोविन्दबहादुर तुम्बाहाङद्वारा प्रदेशसभा बैठक आह्वान गरिएको पत्र पढेर सुनाउनुभएपछि राजनीतिक दलका प्रतिनिधिहरूको बोल्ने क्रम शुरू भएको थियो । बैठकमा ६ दलका एक-एक प्रदेशसभा सदस्य र एक स्वतन्त्र सदस्यले आ-आफ्ना धारणा राखेका थिए । प्रदेशसभाको कार्य सञ्चालनका लागि नियमावली नबनेसम्मका लागि तयार पारिएको अन्तरिम कार्यविधि २०७४ लाई बैठकले पारित गऱ्यो । सभामुखको अनुपस्थितिमा प्रदेशसभा बैठक सञ्चालन गर्न गणेश तामाङ, प्रतापप्रकाश हाङगाम, राम कुमार राई, राधा थापा र विष्णु तुम्बाहाम्फेलाई तोक्ने काम भयो ।

### संसदीय दलका नेतामा रामसरोज

जनकपुरधाम । नेपाली काँग्रेस प्रदेश नं २ को संसदीय दलका नेतामा रामसरोज यादवलाई चयन गरिएको छ । काँग्रेसबाट प्रदेश नं. २ मा प्रतिनिधित्व गर्ने प्रदेशसभा सांसदको बसेको बैठकले उनलाई सर्वसम्मतिबाट संसदीय दलका नेतामा चयन गरेको हो । धनुषा निर्वाचन क्षेत्र नं ३ 'क' बाट निर्वाचित यादव काँग्रेसको धनुषा जिल्ला सभापतिसमेत हुन् ।

### प्रदेश ५ को दोस्रो बैठक फागुन २ गते

रूपन्देही । प्रदेश नं. ५ को प्रदेशसभाको पहिलो बैठक सम्पन्न भएको छ । बैठकले प्रदेशसभाको अन्तरिम कार्यसञ्चालन कार्यविधि पनि पारित गरेको छ । बैठक प्रदेशसभाका जेष्ठ सदस्य बलदेव शर्मा पोखरेलले सभामुखको हैसियतमा सञ्चालन गरेका थिए । सो बैठकले आउँदो फागुन २ गते अर्को बैठक बस्ने गरी स्थगित भएको घोषणा गरेको छ । बैठकमा प्रदेशसभा सदस्यहरूले सम्बोधन गरेका थिए । बैठकले सभामुख र उपसभामुख नहुदा संसद सञ्चालनका लागि ५ सदस्यीय समिति समेत गठन गरेको छ । समितिमा नेकपा एमालेका कमलराज श्रेष्ठ, नेकपा माओवादी केन्द्रका दधीराम न्यौपाने, नेपाली कांग्रेसका अष्टभूजा पाठक र राष्ट्रिय जनमोर्चाका तारा जिसी रहेका छन् ।

### त्रिलोचन माओवादीका संसदीय दलका नेता

कैलाली । नेकपा माओवादी केन्द्रले प्रदेश नं. ७ को प्रदेशसभा संसदीय दलको नेतामा त्रिलोचन भट्टलाई चयन गरेको छ । माओवादी सचिवालय सदस्य एवं प्रदेश इञ्चार्ज लेखराज भट्टको उपस्थितिमा बसेको संसदीय दलको बैठकले भट्टलाई संसदीय दलको नेता चयन गरेको हो । संसदीय दलको नेता चयन भएसँगै भट्ट मुख्यमन्त्रीको उम्मेदवार बन्ने बाटोसमेत खुला भएको छ । सो निर्णयप्रति प्रदेश ७ का केही सांसदहरू असन्तुष्टि जनाएका छन् ।

### ओबीसीको अन्तर्क्रिया कार्यक्रम सम्पन्न

नेपालगन्ज । नेपाल पिछडा वर्ग ओबिसी महासंघ बाँकेको आयोजनामा नेपालगंज उप महानगर पालिकामा २२ मा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । स्थानीय वरिष्ठ व्यक्ति वारिश अलीको सभापतित्व र प्रमुख अथिति वडा सदस्य राजीया किघारियाको मुख्य उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल पिछडावर्ग के हो यसमा पर्ने कुन जातिहरू शामिल छन्, उनको राजनीतिक आर्थिक शैक्षिक उन्नति प्रगती कसरी गर्न सकिन्छ भन्ने विषयमा सहभागीहरूले आफ्नो मन्तव्य रोखेका थिए । नेपाल सरकार अहिले नेपाल पिछडा वर्गअन्र्तगत पर्ने ३२ जातिहरूलाई सुचीकृत गरेको छ । कुर्मी, यादव, लोहार बढही, नाउ, लोध, बनियाँ, नुनीया, भेडिहर, माली, मल्लाह लगायतका जातजातिहरू यसमा पर्ने गरेका छन् ।

### ट्याक्टरको ठक्करबार पैदलयात्रीको मृत्यु

कैलाली । बर्दगौरिया गाउँपालिका-१ बैनियास्थित सडकमा ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु भएको छ । से.१ त ४४०९ नम्बरको ट्याक्टर मंगलबार अनियन्त्रित भई पैदलयात्री सोही गाउँपालिका-२ बस्ने ६० बर्षीय करे सार्कीलाई ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । टयाक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्रिपर दुर्घटनामा चालक र सहचालकको मृत्यु

धनुषा । जनकपुर उपमहानगरपालिका १४ स्थित मुजेलियामा ट्रिपर दुर्घटना चालक र सहचालकको मृत्यु भएको छ । ना ७ ख ३२२६ नम्बरको टिपर शनिबारराति दुर्घटना हुँदा चालक २५ वर्षीय उदय शर्मा र सहचालक २६ वर्षीय संजय पासवानको मृत्यु भएको प्रहरीले जनाएको छ । ढल्केबरबाट जनकपुरतर्फ गिट्टी लिएर आउँदै गरेको ट्रिपर तीव्र गतिको कारण अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

### फलफूल र नगद सहयोग

बीरगंज । हिन्दू परिषद् नेपाल नारायणी अञ्चल कमिटीले असहाय विरामीलाई फलफुल एवं नगद सहयोग गरेको छ । परिषद् अञ्चल कमिटिका अध्यक्ष हरेन्द्र पटेल उर्फ बाबाको नेतृत्वमा नारायणी उपक्षेत्रीय अस्पताल बीरगंजमा गएको टोलीले बुधबार स्याउ, सुन्तला, हरलिक्स, ब्रेड र नगद रू. एक हजार एक सय विरामीलाई सहयोग गरेका थिए । टोलीमा हिन्दू परिषद नेपालका अञ्चल उपाध्यक्ष छविलाल उप्रेती, सचिव दिपक सर्राफ, वरिष्ठ सल्लाहकार चन्द्रनारायण सिंह रिजाल, विरगंज युवा समाजका अध्यक्ष कमल चौगाई, स्वतन्त्र मानव अधिकार समाजका कोषाध्यक्ष लालबाबु सिंह लगायतको उपस्थिति रहेको थियो ।

### ट्रकको ठक्करबाट महिलाको मृत्यु

पर्सा । वीरगञ्ज महानगरपालिका-१६ बसपार्कमा ना.६ ख ४९०८ नम्वरको ट्रकले पैदलयात्री सोही ठाउँ बस्ने ४० बर्षीया बविता चौधरीलाई सोमबार ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको छ । ठक्कर दिने ट्रकलाई नियन्त्रणमा लिएर हाल फरार रहेका चालकको प्रहरीले खोजी गरिरहेको छ ।

नेपाल सरकार

शहरी विकास मन्त्रालय

**काठमाण्डौ उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाण्डौ**

काठमाण्डौ उपत्यका विकास प्राधिकरणको खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ देहायका दूरी छोडी निर्माण गर्न पाइने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।८।१ मा निर्णय गरिएको सम्बन्धमा सर्वसाधारणमा जानकारी गराइन्छ ।

१. बागमती, विष्णुमती र मनहरा खोलामा २० मिटर
२. धोबिखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लनिङ अनुसार दूरी र प्लनिङ बाहेकका स्थानमा - ९ मिटर
३. नक्खु खोलामा - १२ मिटर
४. बल्खु, कर्मनासा, कोइकु, साङले र महादेव खोलामा - १० मिटर
५. करमुखी खोलमा - ६ मिटर
६. टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मिटर र कुनै पनि खोला, खोल्छी र राजकुलो छोप्न पाइने छैन ।
७. हनुमन्ते खोला बग्ने क्षेत्रका नगररोन्मुख गा.वि.स. हरूमा समेत र खोलाको किनाराबाट २० मिटर छाडी निर्माण पाइने (साथै मापदण्डको परिन्े २ को प्रकरण नं. ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने ।)

**क्यान्सर**

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन -१६



डा.जगतप्रसाद पराजुली

तत्कालीन भारतको केन्द्रिय सरकारले नेपालमा सशस्त्र क्रान्तिकारी समर्थन गर्न खुलेरै हातहतियारको सहयोग गर्ने बचन त दिएन तर बाहिरबाट संकलित हतियार भारतको भूमि हुँदै नेपालको सिमानाभित्र प्रवेश गराउन तत्कालिन प्रान्तीय स्तरको गृह प्रशासनलाई बाधा अवरोध नपुऱ्याउने निर्देशन दिएको थियो । केन्द्रिय सरकारका गृहमन्त्री लालबहादुर शास्त्रीले उत्तरप्रदेशका मुख्यमन्त्री शाक्तिवल्लभ पन्त र गृहमन्त्री श्री कृष्ण सिन्हालाई निर्वाध रूपमा हतियार नेपाल भित्रिन दिनु भनेर जनपद प्रहरीलाई आदेश दिन लगाएका थिए ।

वि.पी. कोइरालाले वर्माको सोसलिष्ट सरकार समक्ष हतियार माग गरे अनुरूप सो बमोजिम प्राप्त हुने स्थिति देखिए पछि महावीर शमशेर राणाको हिमालय एमियसनको डकोटा प्लेन लिएर थीरवम मल्ल तथा भारतीय सोसलिष्ट पार्टीका वरिष्ठ नेता भोला चटर्जी उक्त काममा खटिए । वर्माको मचिना एयरपोर्टमा विमान उत्रियो र त्यहाँ संकलित हतियार लिएर उक्त जहाज भारतको पटना निकट विहटा हवाई मैदानमा अवतरण भयो । वि.पी. ट्रक लिएर त्यही तैनाथ थिए । उनले जनमूक्ति सेनाको सहयोगमा हतियार जहाजबाट ट्रकमा लोड गरी उक्त विमानलाई कलकत्ता प्रस्थान गर्न निर्देशन भयो । यो काम अत्यन्त द्रुत गतिमा सम्पन्न भएको थियो । ती हतियारहरू वि.पी.को निवास 'कोजी नूक' भन्ने ठाउँमा लुकाइयो र गठित अलग-अलग मोर्चाहरूमा आवश्यकता अनुरूप पठाउने काम भयो ।

यसरी बाह्य क्षेत्रबाट हतियार संकलन गर्ने, जनमुक्ति सेनालाई भविष्यमा गरिने सशस्त्र क्रान्तिका लागि आवश्यक तालिम, प्रशिक्षण प्रदान गर्ने, बन्दोबस्तीका अरू सामाग्रीहरू जुटाउने कार्यतर्फ पनि संगठित किसिमले ध्यान पुऱ्याइएको थियो ।

**नेपालको राष्ट्रिय सेनामा प्रभाव**

प्रजातन्त्र सेनानी बद्रि बिक्रम थापा तथा सुन्दरराज चालिसेको नेतृत्वमा केही राष्ट्रवादी युवाहरू विभिन्न किसिमका भेष बदली काठमाडौं उपत्यका भित्रका सामाजिक महत्वका स्थानहरूमा पुगेर तत्कालिन राणा सरकारमा रहेका राष्ट्रिय सेनाका जवानहरूलाई प्रजातन्त्र बहालीका निमित्त इमान्दार प्रयास गर्ने शिलशिलामा जनताको पक्षबाट काम गर्न उनीहरूलाई भित्रभित्रै तयार पार्न थालियो । थापा र चालिसेको पहूँच राष्ट्रिय सेना समक्ष पुग्ने सरल मार्ग थियो अर्कोतिर राजाको समर्थन र उनको पक्षमा खुलेर काम गर्न चाहने र साहसका साथ कर्तव्य निर्वाह गर्न इच्छा राख्ने जवानहरू सेनामा थिए । त्यसैगरी राणाहरूले भर्ती गरेका सैनिक जवानहरूमा पनि सर्वसाधरण जनताका वीर छोराहरू कार्यरत थिए । उनीहरूलाई गोपनीय ढंगबाट जनताको पक्षमा, प्रजातन्त्रको पक्षमा र राजाको नेतृत्वमा सक्रिय हुन सजिलै कन्भिन्स गर्न सकिन्थ्यो । थापा तथा चालिसेजीहरूले ती प्रजातन्त्र प्रेमी सैन्य जवानहरूलाई आफ्नो फेवरमा क्रियाशील हुन प्रतिबद्ध बनाए । यसरी राणा सरकारको तत्कालिन मौजुदा शैन्य संगठनमा जनमुक्ति सैन्यको समेत गोपनीय गठबन्धन निर्माण भएको थियो । क्रान्तिको समयताका उक्त प्रयत्नको ठूलो र प्रभावकारी योगदान रहन गयो ।

सशस्त्र क्रान्ति आफैमा एउटा युद्ध थियो । नेपालमा प्रजातन्त्र बहालीका लागि शान्तिपूर्ण आन्दोलन गर्ने कि सशस्त्र क्रान्तिद्वारा परिवर्तन गर्ने भन्ने विषयमा अनेकौं पटक गरम बहस पश्चात उक्त निर्णय लिएको थियो । सशस्त्र क्रान्ति वास्तवमा आफैमा एउटा युद्धनै थियो । किनकी हतियारको लडाईमा युद्धजन्य घटनाहरू हुने नै भए । त्यसमा हार र जितको कुरा उठ्ने नै भयो । धन जनको क्षति पनि नहुने कुरै भएन । यद्यपी वि.पी. कोइराला चाहन्थे कि जनको क्षति न्यून होस् र परिणाम बृहत्तर निस्कन सकोस् ।

**पाल्पा गौंडाको सामरिक मोर्चा**

राणाकालीन प्रशासनिक व्यवस्थामा पाल्पा गौंडा पश्चिमतर्फको शक्तिशाली इलाका थियो । यसले पश्चिमतर्फको प्रशासनिक चाँजो मिलाउन ठूलो भूमिका खेल्ने गर्दथ्यो । डोटी गौडा संगठित निकाय भएपनि पाल्पा गौंडाको नीति निर्देशनमा रहेर कार्य गर्न सक्थ्यो । पाल्पा बुटवल, बेलहिया हुँदै सुनौति गोरखपूर र त्यहाँबाट भारतका रियासतहरूमा सोझो सम्पर्क स्थापना हुन यो ठाउँ निकै प्रभावशाली कहलिन्थ्यो । पाल्पा-अवध-बंगालजस्ता बुहचर्चित भारतीय केन्द्रहरूको सिधा सम्पर्क अगाडि देखि नै कायम थियो ।

राणा परिवारहरूमा ए.वी.सी. वर्गको वर्गिकरण थियो । ए वर्गमा हुनेले राज्यका ठूला-ठूला पद, मान, सम्मान र समृद्धि प्राप्त गर्दथे । वी. वर्गमा विभाजित राणा परिवारले सर्वसाधरणले पाउने भन्दा ठीक माथिका सार्वधिक पदहरू पाउथे । यो वर्ग ए वर्गसँग ज्यादै रूष्ट थियो । उनीहरू श्री ३ को रोलक्रममा कायम हुन पाउदैन थिए । सी वर्गका राणाहरूमध्ये पनि आफूलाई विश्वास प्राप्त हुन सके त्यस्ता व्यक्तिहरूलाई जिल्ला प्रशासनको वडाहाकिम लगायतका स्थानीय तहहरूमा जिम्मेवारी सुम्पिएर त्यसतर्फ पठाइएको हुन्थ्यो । रूद्र शमशेर राणा पनि सी वर्ग अन्तर्गत पर्दथे । उनलाई केन्द्रसँग पृथक तुल्याएर पाल्पा गौंडाको वडाहाकिम बनाएर पठाइएको थियो ।

ए.वी.सी. मा वर्गीकृत राणापरिवारमा खलक-खलकका बीच विद्वेष थियो । ज्यादै ठूलो अन्तरविरोध चर्किने गर्दथ्यो । अनेकौं षडयन्त्रपूर्ण घटना विवरणहरू पर्दाफास हुने गर्दथे । रोलक्रममा नपर्ने वर्गलाई केन्द्रबाट अलग बनाउने कार्य हुन्थ्यो । त्यस्ता परिवारका व्यक्तिलाई विभिन्न गौंडा-गोश्वारामा जिम्मेवारी सुम्पेर उनीहरूलाई पृथक राख्ने रणनीति अख्तियार गर्ने गरिन्थ्यो । कोही इलाम, धनकुटा, कोही पाल्पा, डोटी, त्यसैगरी तराइतर्फका गोश्वारालगायत मिलिसिया गोश्वारामा समेत ती खलकका व्यक्तिको खुबीका आधारमा प्रशासकीय पदहरूमा मनोनयन गरेर पठाइन्थ्यो । जिल्ला तथा स्थानीय तहहरूको प्रशासनिक चाँजो मिलाउन उनीहरूले जिम्मेवारी पाउँथे । रूद्रशमशेर राणलाई पनि त्यसरी नै पाल्पा लखेटिएको थियो । उनी आफ्नो खलकमा निकै प्रतिभाशाली व्यक्ति थिए । पाल्पा गौंडामा हुँदा उनले आफ्नो क्षेत्रको विकास, उन्नती र प्रवर्धनात्मक कार्यका लागि निकै मेहनत गरेका थिए । समकालीन वडाहाकिमहरूमा उनको नाम गर्वका साथ लिने गरिन्थ्यो । उनी राजको नेतृत्वलाई प्रभावकारी बनाउनमा आफ्नो अभिमत प्रकट गर्थे ।

वि.पी. कोइरालाले सशस्त्र क्रान्तिको प्रमुख राजधानी पाल्पा गौंडालाई बनाएर त्यसको नेतृत्वमा उक्त क्रान्ति मुलुकभर विकसित गर्न चाहन्थे । प्रजातान्त्रिक लडाइको मुख्य आधार क्षेत्र पाल्पालाई बनाएर नेपाल अधिराज्यभरी त्यसलाई विस्तारित गराउन चाहन्थे । तसर्थ भारतका विभिन्न इलाकाहरूको लागि मन, वचन र कर्मले तमतयार रहन निर्देशन गर्दै गोरखपुरको बाटो हुँदै वेलहिया, बुटवल र त्यहाँबाट पाल्पा पुगे । रूद्र शमशेरलाई प्रजातन्त्रको सशस्त्र क्रान्तिको नेतृत्व यहि जिल्लाबाट लिइदिन आग्रह गर्दै राजालाई पनि गोप्य र सुरक्षित ढंगबाट पाल्पा पुऱ्याई त्यहीबाट क्रान्तिको बिगुल फुक्ने योजना बनाएका थिए ।

रूद्र शमशेरले पनि राजाको पूर्णकालिन सुरक्षा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाइरहेका थिए । सर्वसाधरण जनतालाई पनि नेपाली कांग्रेसको सक्रिय नेतृत्वमा उक्त प्रजातान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक सहभागिता जनाउने आह्वान गरिएको थियो । वि.पी. ले राणा सरकारबाट पक्राउ पर्ने सम्भावनालाई हदैसम्मको जोखिम मोलेर भेष अदला-वदली गर्दै उक्त रणनैतिक योजना तयार पारेका थिए । राजालाई पाल्पा ल्याउन भारतबाट २ वटा हेलिकोप्टर माग्ने सम्मका कामहरू अगाडि बढेका थिए । तर भारतले आफू त्यसरी प्रत्यक्ष सघाउन नसक्ने नैतिक समर्थन रहिरहने वचनबद्धता जनाउन लगाइयो । वि.पी.ले राजालाई गोप्यरूपमा काठमाडौंबाट पाल्पा पुऱ्याउन सबै किसिमका रणनैतिक सुरक्षित प्रबन्धहरू मिलाएका थिए । तर राजा त्रिभुवनले बनिबनाउ यो योजनालाई दूतावास शरण लिएर भताभुङ्ग तुल्याई दिए ।

**सामुहिक आक्रमण**

राजालाई पाल्पा पुऱ्याएर त्यहीबाट एउटा घोषणा गरी जंगबहादुर राणा देखि मोहनशमशेर राणा सम्मका राणा श्री ३ महाराजहरूले समय-समयमा आफूलाई अधिकार सम्पन्न र सर्वोच्चता कायम गरेर राजालाई अधिकार विहिन तुल्याइएको समग्र फेहरिस्त तयार पारी अब उप्रान्त सबै अधिकार राजामा निहित रहेको घोषणा गरी श्री ३ को सम्पूर्ण अधिकार निश्तेज तुल्याउने योजना थियो । उक्त योजना राजाकै कारणले असफल भयो । पहिलो योजना असफल भएपछि अर्को दोस्रो रणनीति तर्जुमा गरियो ।

काठमाडौंको हनुमानढोका दरबारसम्मुख इन्द्रजात्राको भव्य कार्यक्रमको आयोजना सरकार पक्षबाटै सम्पन्न गर्ने चलन त्यसबेला पनि प्रचलित थियो । उक्त दिन राजा लगायत रोलवाला सबै राणापरिवारबाट उक्त जात्रास्थलमा उपस्थित भै भव्यरूपमा मनाउने वार्षिक कार्यक्रम नै प्रचलित थियो । उक्त भव्य कार्यक्रमका बीच राजालाई उनका परिवारलाई सुरक्षित तवरबाट जतन गरी रोलावाला राणापरिवारका उच्च अहोदावाला प्रशासकहरूलाई एकै ठाउँमा एकै पटक स्वचालित हतियारद्वारा आक्रमण गरी सामुहिक हत्या प्रकरण मच्चाउने योजना बनाइएको थियो । यो योजना निकै भयानक र सर्वसाधरण जनता समेत यस घटनामा हताहत हुने भय थियो । किनकि सरकारले उर्दि गरेअनुरूप कार्यक्रममा उपस्थित हुनैपर्ने बाध्यता थियो । राणा प्रशासकहरूको बोली नै कानून, हुकुम नै कानून हुने परिस्थितिले गर्दा त्यसको अक्षरश: पालना गर्नै पर्ने परिवेश हुन्थ्यो । दोस्रो योजना कार्यान्वयनका लागि ३ वटा समूह तयार पारिएको थियो । पहिलो समूहले हनुमान ढोका देखि नरदेविस्थान बीचमा पर्ने अग्लो र सबैभन्दा माथिल्लो तलामा भाडा प्रयोजनबाट हल लिने र उपयुक्त डहर भएको हलमा स्वचालित हतियार सहित जनमुक्ति सेनाका साहसी जवानलाई तैनाथ गर्ने, उक्त समूहमा राजनैतिक निर्देशनका लागि पनि योग्य व्यक्तिलाई खटाउने र ती सबै योजनालाई उच्च गोपनीय ढंगले परिचालन गर्ने निधो भयो ।

दोस्रो समूहलाई राजा-राजपरिवारका सदस्यलाई सुरक्षित स्थान तर्फ लगेर त्यहीबाट राजाको सक्रिय नेतृत्वमा प्रजातन्त्र बहाली भएको घोषणा गर्ने र राजालाई वैधानिक अधिकार सम्पन्न भएको कुरा संचार माध्यमबाट फैलाई राजपरिवार अर्थात राजतन्त्र प्रति आस्थावान सेना, प्रहरी लगायत सर्वसाधारणलाई नगर तथा स्थानीय तह सम्म नै खुशीयाली मनाउन जुलुश निकाल्न लगाउने समेतको कार्यक्रम थियो । त्यसैगरी तेस्रो समूहमा सम्भव भएका बाह्य स्थानहरूबाट उपत्यकाभित्र शक्ति एकत्रित गर्दै मोफसल तथा उपत्यकाभित्र एकैपटक जनतालाई सक्रिय गराउने तर्फ सम्पूर्ण योजना निर्माण गरिएको थियो ।

यसरी माथिको योजना तर्जुमा गरिसकेपछि नेपाली कांग्रेसले सम्भव भएका आफ्ना दलका निष्ठावान प्रतिनिधिहरूलाई वैरगनियामा सम्मेलन बोलाई अब नेपालमा गरिने आन्दोलन सशस्त्र हुने र त्यसको सर्वोच्च कमाण्डर मातृका प्रसाद कोइराला हुने भन्ने निर्णय गरियो । उपयुक्त समयमा सशस्त्र संघर्षको निमित्त प्रतिनिधिहरूलाई खटाइएको स्थानमा सक्रियतापूर्वक सहभागिता जनाउन र सर्वसाधरण जनतालाई पनि उत्साहप्रद सक्रियताका लागि आह्वान गर्दै उक्त क्रान्तिलाई परिणाममुखी बनाउन निर्देशन गरिएको थियो । केन्द्रिय तहका नेताहरूलाई महत्वपूर्ण स्थानहरूको नेतृत्वमा रहेर संघर्षलाई परिचालन गर्ने जिम्मेवारी पनि प्रदान गरियो । नेपालगन्ज, वीरगन्ज, जनकपुर, भैरहवा, विराटनगर, भद्रपुर, झापा, इलाम, धनकुटा, ओखलढुङ्गा, पाल्पा, डोटी, जाजरकोट, धनगढी, तुलसीपुर आदि मधेश तथा पहाडतर्फका सचेत एवं सामरिक महत्वका ठाउँहरूमा संघर्ष तेजगतिमा परिचालन गर्न आवश्यक चाँजो-पाँजो मिलाउन केन्द्रिय एवं स्थानीय नेताहरूलाई जिम्मेवारी सुम्पिएको थियो ।

**राजा त्रिभुवनको दरबार पलायन**

सशस्त्र क्रान्ति नोभेम्बर महिनामा गर्ने र उपयुक्त दिन तोकेपछि द्रुत गतिमा त्यसलाई प्रचार गर्ने छलफल चलिरहेको थियो । दिन तोकिएपछि सबै स्थानमा मोर्चाबन्दीमा तैनाथ रहेका क्रान्तिकारीहरूलाई एकै दिन एकै पटक सामुहिक तवरबाट संघर्ष छेड्ने योजना बनाइदै थियो । अचानक २००७ साल कार्तिक २१ गते दूतावासका २ वटा सवारी साधन प्रयोग गरी परिवारका साथ नागार्जुन वनभोजको कार्यक्रममा जाने योजनामा राणा प्रशासकहरूलाई मनाई स्वीकृति लिएर सीधै ती साधनहरूलाई भारतीय राजदूतावासभित्र प्रवेश गराए । तत्कालीन नेपालका भारतीय राजदूत चन्द्रेश्वर प्रसाद नारायण सिन्हा थिए । राजा त्रिभुवन सपरिवार भारतीय राजदूतावासमा शरण लिन पुगेको समाचार संचारमाध्यमहरूबाट सनसनी खोजपूर्ण ढंगबाट प्रसारित भयो । राणा प्रधानमन्त्री श्री ३ मोहन शमशेरलाई राजाले त्यति ठूलो जोखिम र साहसका साथ दूतावास शरण लिन्छन् भन्ने चिताएका थिएनन । *क्रमश......*

## स्वराज भ्रमणको सन्देश : आर्थिक विकासमा भारतले सघाउने



काठमाडौं । भारतले नेपालको द्रुत आर्थिक उन्नयन र समग्र विकासका लागि नेपाल सरकारले निर्धारण गरेका प्राथमिकताअनुरूप पारस्परिक लाभका क्षेत्रमा सहकार्य गर्ने बताएको छ । प्रजातान्त्रिक रूपमा निर्वाचित नेपालको राजनीतिक नेतृत्ववर्गलाई भारतका वैदेशिक मामिलामन्त्री सुष्मा स्वराजले आफ्नो हालैको नेपाल भ्रमणपछि त्यस्तो सहकार्यको सन्देश दिएकी हुन् । भारतले तीनवटै तहका निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकामा नेपाल सरकारप्रति बधाई ज्ञापन गर्दै त्यसलाई प्रजातान्त्रिक संक्रमणको उपलब्धि भएको जनाएको छ । गत शुक्रबार अबेर राति भारतीय वैदेशिक मामिला मन्त्रालयले मन्त्री स्वराजको नेपाल भ्रमणका सन्दर्भमा सार्वजनिक गरेको विज्ञप्तिमा नेपाल - भारत साझेदारीमा जोड दिइनुका साथै दुई देशको सम्बन्धलाई नयाँ उचाइँमा पुऱ्याइने उल्लेख छ ।

## भ्रमणको स्वागत

काठमाडौं । कूटनीतिक अध्ययन संस्थाले हालै भारतीय विदेशमन्त्री सुष्मा स्वराजले गर्नुभएको नेपाल भ्रमणको स्वागत गरेको छ । संस्थाले आइतबार जारी गरेको एक विज्ञप्तिमा भनेको छ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन समाप्त भई वामपन्थीको नेतृत्वमा सरकार गठन गर्ने पूर्वसन्ध्यामा आफ्नो विशेषदूतको रूपमा स्वराजको नेतृत्वमा पठाएको उच्चस्तरीय प्रतिनिधिमण्डलले नेपालमा छिट्टै बन्ने वामपन्थीहरूको सरकारसँग मिलेर कार्य गर्ने र नेपालको स्थिरता र समृद्धिका लागि सघाउने सन्देश दिनुका साथै सहकार्य गर्न इच्छुक रहेको भनी जानकारी गराउनुलाई नेपाल-भारतबीच कूटनीतिक अनुकूलताको प्रारम्भ भएको रूपमा लिन सकिन्छ । यस कार्यले भारतले नेपालसँग नयाँ किसिमको सम्बन्ध कायम गर्न चाहेको अनुभव गरिएको संस्थाले जनाएको छ । यो भ्रमण अचानक र अस्वभाविक रूपमा देखिएकाले कतिपयलाई आश्चर्य लागेको हुन सक्छ तर कुटनीतिमा आफ्नो सम्बन्ध अनुकूल बनाइ राख्नु र आफ्नो हित विपरीत हुन नदिने सर्वमान्य सिद्धान्त अनुकूल नै रहेको हुँदा यसलाई दुवै देशबाट एकअर्काबीच विश्वासको वातावरण बनाई नयाँ आधारबाट सम्बन्ध विकसित गर्न देखाएको उत्सुकताका रूपमा लिनु पर्दछ, विज्ञप्तिमा उल्लेख छ ।

## 'समृद्ध राष्ट्रमा रूपान्तरण गर्न अथाह सम्भावना'

काठमाडौं । भारतका राजदूत मञ्जिभसिंह पुरीले द्रुतगतिमा आर्थिक उन्नति गरेर विश्वकै अग्रणी अर्थतन्त्रकारूपमा उदाएका भारत र चीनबाट नेपाललाई समृद्ध राष्ट्रमा रूपान्तरण गर्न सकिने अथाह सम्भावना रहेको बताएका छन् । नेपाल विश्वसम्बन्ध परिषद्ले ललितपुरमा आयोजना गरेको 'नेपाल-भारत सम्बन्ध र भावी दृष्टिकोण' विषयक प्रवचनमा उनले भूगोल र जनसंख्याका हिसाबले नेपाल विश्वकै मध्यम मुलुक भएको बताए । राजदूत पुरीले भने-"राष्ट्रिय ढुकुटी भर्ने विशाल परियोजनाबाटै नेपालीको समृद्धि सुनिश्चित हुन्छ, यसका लागि साना तथा मझौला परियोजनाभन्दा जलविद्युत् उत्पादनका ठूला परियोजना सञ्चालन गर्नुपर्दछ ।" भारतीय राजदूत पुरीले नेपाली जनताको क्रय शक्तिमा भएको वृद्धि र वस्तु तथा सेवाको अधिक खपतले भारतसँगको व्यापार घाटा बढेको बताउँदै नेपालको कृषिलाई आधुनिकीकरण गर्नैपर्ने र कृषि उत्पादकत्व वृद्धिले पनि केही हदसम्म व्यापार घाटा परिपूर्ति गर्ने धारणा व्यक्त गरे । कार्यक्रममा राजदूत पुरीले नेपालको आन्तरिक माामिलामा भारतबाट सूक्ष्म व्यवस्थापन, हस्तक्षेप एवं प्रभाव, जलस्रोतको उपयोग, नेपालको संविधानप्रति भारतको दृष्टिकोण, भारतीय सहयोगका विकास परियोजनामा हुने हदैसम्मको ढिलासुस्तीलगायत दर्जनौं गैरकूटनीतिक प्रश्नको सन्तुलित जवाफ दिए ।

## महासंघकी अध्यक्ष र भारतीय वाणिज्य मन्त्रीबीच भेटवार्ता

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले आफ्नो भारत भ्रमणका क्रममा त्यहाका वाणिज्य मन्त्री सुरेश प्रभुसग नयाँ दिल्लीमा भेटवार्ता गरिन् । भारतको उतराखण्डको देहेरादुनमा आयोजित दोस्रो "नेपाल-भारत व्यापार मेला तथा पर्यटन महोत्सव २०१८ समुदाटन समारोहमा भाग लिन त्यसतर्फ गएकी महासंघका अध्यक्ष राणा र भारतीय वाणिज्य मन्त्रीबीचको भेटवार्ताका क्रममा महासंघले आयोजना गर्न लागेको नेपाल(भारत आर्थिक सम्मेलन र दुई देश बीचको आर्थिक व्यवसायिक लगायतका विविध विषयमा छलफल भयो । सो अवसरमा भारतीय वाणिज्य मन्त्री प्रभुले नेपाललाई सवै प्रकारको सहयोग गर्न भारत सदैव तयार रहेको विश्वास दिलाए ।

# हिन्दीलाई मधेशमा राजकाजको भाषा बनाउन माग

जनकपुरधाम । लोकनायक सलहेसको पुण्यभूमि तथा मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको शहादत स्थली र वरिष्ठ साहित्यकार बुन्नीलाल सिंहको जन्मस्थली सिरहाको लक्ष्मीपुर गौरीपुरस्थित जनकल्याण उच्च मावि प्रांगणमा नेपाल हिन्दी प्रतिष्ठानद्वारा आयोजित दुई दिवसीय १७औं नेपाल राष्ट्रिय हिन्दी सम्मेलन, हिन्दी भाषालाई मधेशमा राजकाजको भाषा बनाउने पांच सूत्रीय घोषणापत्र जारी गर्दै सुसम्पन्न भएको छ । वरिष्ठ साहित्यकार द्वय काशीप्रसाद श्रीवास्तवको ९४औं तथा बुन्नीलाल सिंहको ८६ औं जयन्तीको अवसरमा माघ १९ गते आयोजित दुई दिवसीय नेपाल राष्ट्रिय हिन्दी सम्मेलनको समुद्घाटन गर्दै त्रिवि केन्द्रिय हिन्दी विभागका पूर्व प्रमुख प्रा.सूर्यनाथ गोपले भने नेपालको तौलिहवामा एक हजारौं वर्षभन्दा अघि हिन्दीका आदिकवि कुक्करीपा भएकाले त्यस बेला देखिको क्रमवद्ध इतिहास छ,हिन्दी मधेश र पहाड सबैलाई जोड्छ । तसर्थ हिन्दी मधेश प्रदेशको कामकाजको भाषा बनाउनुको साथै हिन्दीलाई नेपाली जस्तै दोश्रो राष्ट्रभाषा बनाउनु पर्दछ । वरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलले भने सेनकालदेखि नेपालमा हिन्दी कामकाजको भाषा रहिसकेको भएता पनि राजा महेन्द्रले हिन्दीको पठन पाठन बन्द गराएर एक भाषा नीति चलाएको विरोधमा म समेतका हजारौंले प्रदर्शन गरेका थियौं । हिन्दी सबैलाई जोडने भएकोले हिन्दीको विकासले राष्ट्रियता मजबुत हुनेछ ।

वरिष्ठ अधिवक्ता युगल किशोर लालले भने हिन्दी जनजनको भाषा रहेकोले तानाशाही पंचायती काल भन्दा पूर्वको अवस्थामा फर्काउनु पर्दछ र नेपाली जस्तै हिन्दीलाई पनि कामकाजको भाषा बनाउनु पर्दछ । भारतीय साहित्य अकादमीको पूर्व सदस्य डा.बुचरू पासवानमाले भन्नु भयो भारतीय संविधान जसरी नेपालीलाई समावेश गरिएको छ त्यसैगरी हिन्दीलाई नेपालमा मान्यता दिनु राम्रो होला ।

विहार संस्कृत वोर्डको पूर्व अध्यक्ष डा. जयनारायण यादवले भन्नु भयो लोकमत अनुसार हिडेमै राष्ट्र र राष्ट्रियताको विकास हुन्छ । विहार मैथिली अकादमीका पूर्व अध्यक्ष डा.महेन्द्र नरायण रामले भन्नु भयो हिन्दीको विकासले सबैको हित गर्छ । नेपाल संस्कृत विश्व विधालय हिन्दी विभागको पूर्व प्रमुख प्रा.तारकान्त झाले भने हिन्दी तराई मधेश,पहाड,हिमाल सवैलाई जोडने भएकोले नेपाली जस्तै हिन्दीको पठन-पाठन र विकास हुनु पर्दछ । प्रतिष्ठानको अध्यक्ष राजेश्वर नेपालीले सम्मेलनको अध्यक्षता गर्दे भने हिन्दीको विकासले नेपाली राष्ट्रियता सबल हुनेछ ।

## पानीघट्ट कोलकाता प्रदर्शन हुने

काठमाडौं । लमजुङको परिवेशलाई लिएर तयार पारिएको नाटक 'पानीघट्ट' भारत कोलकाताको रवीन्द्रनगरमा आयोजना हुने अन्तराष्ट्रिय नाटक उत्सवमा मञ्चनका लागि छनोटमा परेको छ । पुरू लम्सालद्वारा लिखितरनिर्देशित नाटक फेब्रुअरी २३-२५ (फागुन ११-१३) मा हुने उत्सवमा मञ्चन हुने भएको हो । नेपालको प्रतिनिधित्व गर्ने यो नाटकले मञ्चनका लागि फब्रुअरी २४ (फागुन १२) को मिति पाएको निर्देशक लम्सालले बताए । चौथो शम्भु मित्र एन्ड बिजन भट्टचर्जी स्मृति नाट्य उत्सवमा नेपालबाट 'पानीघट्ट' मात्रै छनोटमा परेको उनले बताए । कोलकाताका लागि तयारी गर्नुअघि १ घण्टा १० मिनेट अवधिको उक्त नाटक आगामी माघ १८ गतेदेखि तीन दिन लमजुङको बेंसीसहरमा मञ्चन गरिने भएको छ ।



## विश्व समुदाय...

# पाकिस्तानको मुख्य अस्त्र आफ्नै जनता विरूद्ध

-अल्लाबक्श

पाकिस्तान सरकारले अल्पसंख्यकहरू जस्तै-हिन्दु, सिख, ईसाई, शियाहरू र अहमदीहरू लगायत अन्य जातीय अल्पसंख्यकहरू विरूद्ध ज्यादती गर्ने, यातना दिने जो कोहीलाई प्रोत्साहित गरेको वक्तव्यका कारण इस्लामाबादमा हिडडुल गर्न र अपहरण गर्ने कार्य हुने गरेकोले जनजीवन घोर कष्टप्रद बन्न पुगेको छ भने अपराधीहर खुलश्त रूपमा अल्पसंख्यकहरू विरूद्ध यातनामूलक वक्तव्य दिन थालेका छन् ?



पाकिस्तानमा अल्पसंख्यक समुदायहरूलाई विशिष्ट प्रकारले विभिन्न श्रेणीमा वर्गीकृत गरिएको छ। धार्मिक सम्प्रदायका विभिन्न अल्पसंख्यकहरू जस्तै - हिन्दु, सिख, ईसाई, शिया तथा अहमदीहरूका अतिरिक्त बलोच, बाल्टीस, हजरा, केही पश्तुन तथा सिन्धिका अतिरिक्त क्रुर मुल्ला एवं त्यसका लागि आवाज उठाउने समूहका विरूद्ध खुलेर बोल्ने उदार प्रकृतिका सुन्नी व्यक्तित्व, पत्रकारहरू, पेशाकर्मीहरू, मानवअधिकारकर्मीहरू, लेखकहरू र यहाँसम्म कि स्पष्टवक्ता पूर्व सैनिक अधिकारीहरू समेतलाई अल्पसंख्यकहरूकै श्रेणीमा राखिएको छ। डिसेम्बर, २०१७ को एक्सप्रेस ट्रीब्यून मार्फत स्तम्भकार फैज हबीबले सरकारको दृष्टिकोण घृणास्पद वक्तव्य दिने स्वतन्त्रता प्रदान गर्नु रहेको उल्लेख गरेका थिए। विभिन्न अवसरहरूका अतिरिक्त फैजाबाद बन्दको क्रममा समेत सरकारले घृणास्पद वक्तव्य दिनेहरूलाई उक्साएको दृष्टान्त समेत फैज हबीबले उल्लेख गरेका छन्। यस प्रकारको गतिविधि बढ्नुले नयाँ प्रकारको शक्तिलाई प्रोत्साहित गरेर उग्रवादी समूहहरूलाई प्रश्रय दिई अवाञ्छित गतिविधिहरूलाई संरक्षण दिनु रहेको छ। उनले सही तर्क दिएका छन् कि त्यस्तो घृणास्पद र विभेदकारी वक्तव्यले सामाजिक, राजनीतिक तथा धार्मिक विखाण्डनको वातावरण श्रृजना गर्नेछ। सरकारको यस्तो बेवास्तापूर्ण र गैरजिम्मेवार क्रियाकलापले पाकिस्तानी नागरिकहरू कुनै बखत पनि विना कारण गम्भीर खतरामा पर्न जानेछन्। यसका लागि सेना अथवा नागरिक सरकार वा दुबै मध्ये कसलाई दोष दिने हो ? त्यस बारे उनले बताउन चाहेनन् ?

प्रान्तीय र संघीय नागरिक सरकारलाई दुई कारणले दोषी भन्न सकिन्छ - पहिलो, सरकारको संरक्षण पाएका कारण नै आतंकवादीहरूका सरगाना हफीज सईद अल्पसंख्यकहरूलाई यातना दिने र जिहादको आह्वान गर्दै हिंसा र उत्पात मचाउँदै आएको छ तर पनि राज्यले कुनै ध्यान दिएको छैन ? जहाँसम्म सेनाको कुरा छ, विश्वलाई थाहा छ कि पाकिस्तानी सेनाले सईदलाई संरक्षण दिएको छ। सईद र उसको आतंकवादी समुदाय लगायत उसका दातृ निकायहरू सबैको उपयोग सेनाले भित्र र बाहिरका प्रतिपक्षीहरूलाई सताउने उद्देश्यले गर्दै आएको छ ? सेनाको सहयोग बिना नागरिक सरकारले सईदलाई केही कारबाही गर्न सक्दैन ? पंजाबस्थित शाहबाज शरीफको सरकारले सईदको आतंकवादी संगठनलाई अनुदान दिँदै आएकोछ ? यो निश्चयपूर्वक भन्न सकिन्छ कि प्रान्तीय र संघीय सरकारको संरक्षण बिना सईदले आफ्नो आतंकवादी संगठनका प्रमुख मसूद अजहरले समेत सईद जस्तै सेना र सरकारबाट संरक्षण प्राप्त गर्दै आएको छ ?

घोर क्रुर ब्लासफेमी कानून बारे 'द डेली टाइम्स' को डिसेम्बर ३१, २०१७ को अंक मार्फत दुई वटा यस्तो आततायी र घोर क्रुर घटनाको उल्लेख गरिएको छ जसको गलत आरोपमा सन् २००८ मा एक जना निर्दोष व्यक्तिलाई ९ वर्ष जेल सजाय दिईएको थियो, जसलाई सर्वोच्च न्यायालयले गलत ठहऱ्याएको थियो। त्यस्तै सन् २०१२ मा १४ वर्षीया ईसाई केटी रिम्शामसीहलाई कुरानको पाना च्यातेको आरोप लगाए पनि त्यो कार्य इमाम स्वयंले गरेको थियो तर सरकारले पिडीत अल्पसंख्यक समुदायलाई शान्तिपूर्वक बाच्न पाउने सम्बन्धमा केही गरेको छैन ?

संयुक्त राष्ट्रको मानव अधिकार समितिले गत वर्ष अगस्टमा पाकिस्तानले उग्रवादी तथा आतंककारीबाट अल्पसंख्यक समुदायहरूलाई सुरक्षा र संरक्षण दिन नसकेको पाकिस्तानीमाथि आरोप लगाएको थियो। समितिका पर्यवेक्षकहरूले पाकिस्तानमा अहमती मुसलमान र ईसाईहरू ब्लासफेमी कानूनको निहुँमा धर्म परिवर्तन गर्न बाध्य पारिनुका साथै मारिँदै आएको बताएका थिए। हालैका घटनाहरूबाट यो देखिन आएको छ कि उत्तेजक र आक्रोशपूर्ण वक्तव्य मात्र सईद र अन्य उग्रवादी अतिवादीहरूको विशेषाधिकार होइन कि कानून निर्माताहरू समेत आफ्ना नागरिकहरू प्रति निर्दयी रहेका छन् ? हालै राष्ट्रिय सभामा पूर्व प्रधानमन्त्री नवाज शरीफका ज्वाई कैप्टन मुहम्मद सफदरले - "अहमदीहरूलाई सेना र अन्य महत्वपूर्ण संस्थाहरूमा स्वीकृति दिनु हुँदैन ?" भनेको थियो। त्यस भनाई प्रति प्रतिक्रिया व्यक्त गर्दै 'डाँन' पत्रिकाले संवेदनशीन सम्पादकीयमा लेखेको थियो - "जबसम्म प्रत्येक पाकिस्तानी कानून दृष्टिमा समान हुँदैनन् र जीवन तथा सम्पत्तिको सुरक्षाको अधिकार प्रदान गरिँदैन तबसम्म शान्तिपूर्ण राजनीति स्वप्न सरह नै हुनेछ। खासगरीकन सेनाले आफ्ना नागरिकहरूलाई आतंकित र बेसहारा बनाउन त्यस्ता घटनाहरू संचालित गर्दै आएकोले विश्व समुदायले यस तर्फ विशेष ध्यान दिनु परेको छ ?"

*–एजेन्सीको सहयोगमा*

# पाकिस्तानी सेना लुकेर संचारमाध्यममाथि प्रहार गर्छ

फेरी एउटा अर्को उदाहरण पाकिस्तानी सेनाका जनरलहरूद्वारा वाक स्वतन्त्रतालाई प्रतिबन्धित गर्दै र सुरक्षा बलको आलोचना गर्ने पत्रकारहरूलाई फोहरी षड्यन्त्र गरी इस्लामाबादका एक दर्जन सशस्त्र सेनाद्वारा पाकिस्तानका एक प्रख्यात पत्रकार ताहा सिद्दीकीलाई अपहरण गरेको घटनाबाट सार्वजनिक हुन आएको छ। सिद्दीकीले संचारमाध्यमका मानिसलाई एक प्रहरी थानामा लुकाए पछि उनलाई दुई कारणले लक्ष्य बनाईएको थियो - पहिलो कुरा उनी जनरलहरूका ज्यादै आलोचक थिए भने दोस्रो उनी एक भारतीय टेलिभिजन च्यानलका लागि कार्य गरेका थिए। सिद्दीकीको घटनाले फेरि यो सावित गर्छ कि जनरलहरूले वाक स्वतन्त्रता र लोकतन्त्रलाई रूचाएका छैनन, तिनीहरू पत्रकारहरूको गुलाम भएर तिनीहरूकै कुरोलाई 'सत्य' ठानोस भन्ने चाहेका छन्। पत्रकारहरूको रक्षा समितिले पाकिस्तान सरकारसँग सिद्दीकीमाथि गरिएको आक्रमणको अनुसन्धान गर्न यस प्रकार माग गरेको छ कि दिउँसै व्यस्त राजमार्गबाट पत्रकार ताहा सिद्दीकीको अपहरण गर्ने क्रुर र अमानवीय प्रयासले आततायीहरूलाई डराउनु पर्ने कुनै कारण नरहेको संकेत गर्दछ ? पाकिस्तानी अधिकारीहरूले पत्रकारहरू तथा वाक स्वतन्त्रता विरूद्धको यस्तो गैरकानूनी आक्रमणको अन्त गर्नु पर्ने माग समेत गरिएकोछ। स्वतन्त्र संचार माध्यमहरूद्वारा सिद्दीकीको घटना पाकिस्तानमा भएको एकमात्र घटना नभएर पाकिस्तान पत्रकारहरूका लागि पृथ्वीको सबभन्दा खतरनाक देश रहेको समेत सार्वजनिक गरिएको छ। त्यहाँ जनरलहरूद्वारा पत्रकारहरूलाई तिनीहरूद्वारा निर्धारित सीमा नाघ्ने माथि प्रहार गर्ने गरिएको छ, यातना दिने गरिएको छ, अवैधानिक तरीकाले समातेर थुन्ने गरिएको छ, कूट-पीट गर्ने र केही घटनामा मारिने समेत गरिएको छ। यस्ता घटनाहरू विगतदेखि बढ्दो रूपमा अवघटित हुँदै आएका छन्।

एक प्रख्यात अग्रणी पत्रकार हमीद मीरले जेनरलहरू सम्बन्धमा केही लेख्दा उनलाई यति यातना दिईयो कि उनी जेनरलहरूका विचार केही समयसम्म प्रवर्द्धित गर्न थाले पछि जब उनी आलोचनात्मक बन्न थाले त्यस पछि उनलाई यति यातना दिईयो कि उनी अब थला पर्न गएका छन्। त्यस्तै घटना 'डाँन' समूहद्वारा प्रकाशित 'हेराल्ड' मासिक पत्रिकाका खोज पत्रकार गुलाम हसनैन घटेको छ। उनले सेनाको दोहोरो चरित्र बारे लेखेपछि उनलाई अपहरण गरेर गैरकानूनी ढंगले थुनियो। धेरै प्रतिरोध भएपछि उनलाई मुक्त गरिए पनि थुनामा रहँदा दिईएको यातना बारे केही भन्न अस्वीकार गरे। त्यसपछि सेनाको सम्बन्धमा केही आलोचना गरेका छैनन्। सबभन्दा नाटकीय र दुखद घटना एशिया टाइम्स अनलाइन (हङ्कङ्ग) का पाकिस्तान व्यूरो प्रमुख र इटलीका न्यूज एजेन्सी एन्क्रोनोस (ए.के.आई.) सँगै एशियन एण्ड यूरोपियन समाचारपत्रहरूका प्रख्यात पत्रकार सियद सलीम शाहजाद उत्तर-पूर्वी पाकिस्तानको एक नालामा मृत फेला परेका थिए। उनको जीउमाथिको यातनाका चिनोहरू हेरेर अमेरीकी प्रशासनले पाकिस्तानी सेनाका गुप्तचर निकाय आई.एस.आई. ले त्यसरी मारेको उल्लेख गरेको थियो।

सन् २०१० मा सुरक्षा बलद्वारा अपहरण गरी घोर यातना दिएर जेनरलहरूद्वारा मारिएका अर्को पत्रकार उमार चीमाको घटना समेत ज्यादै पीडादायी र निन्दनीय रहेको बारे पेशावर अदालतले त्यस घटनाका अभियुक्त प्रहरी अधिकारी विरूद्ध राज्यलाई १ मिलियन रूपया भुक्तानी गर्न आदेश दिएको थियो। गत नोभेम्बरमा खिबर पख्तुनखावाका एक पत्रकार खलील अफ्रिदीलाई बिना कुनै आरोप गिरफ्तार गरी उनको कारलाई नष्ट गरियो।

अर्का पत्रकार हफीज हुसनैन रजालाई डेढ वर्षसम्म बिना कुनै आरोपको जेलमा राखिएको थियो र पत्रकार सुरक्षा समितिले त्यसको निरन्तर रूपमा निन्दा गर्दै आरोपमुक्त गर्न माग गर्दा पनि केही सुनुवाई भएन ? सेनाको त्राश यति भयावह र प्रत्युत्पादक रहेको छ कि हफीज हुसनैन रजालाई गैरकानूनी रूपमा ३ महिनासम्म थुन्दा पनि सो समाचार प्रकाशनमा आएन ? सिद्दीकी माथिको आक्रमण पश्चात् सेनाले कसैले चुनौती दिने आँट गरेमा त्यसमाथि खुलश्त रूपमा आक्रमण गरिने अहिले घोषणा समेत गरीसकेको छ ? *–एजेन्सीको सहयोगमा*

## पत्रपत्रिकाबाट...

# भारतबाट नेपालले पाउने सहायतामा वृद्धि

काठमाडौं। भारतले आफ्नो बजेटमार्फत नेपाललाई दिँदै आएको सहायता ७३ प्रतिशतले बढाएको छ। बिहीबार भारतीय वित्तमन्त्री अरूण जेटलीले त्यहाँको संसदमा पेस गरेको आर्थिक वर्ष २०१८/१९ को संघीय बजेटमा नेपालले पाउने सहायता उल्लेख्य रूपमा बढाएको हो।

यसपटकको बजेटमा भारतले ६ अर्ब ५० करोड भारू (१० अर्ब ४० करोड रूपैयाँ) नेपालका लागि छुट्याएको छ। भारतले उक्त रकम नेपाललाई अनुदानका रूपमा दिने हो/। गत वर्ष नेपालका लागि भनेर ३ अर्ब ७५ करोड भारू (६ अर्ब रूपैयाँ) विनियोजन गरेको थियो। यस वर्ष प्रहरी एकेडेमीका लागि भनेर छुट्टै ११ करोड भारू पनि भारतीय बजेटमा विनियोजित छ।

दक्षिण एसियामा नेपाल भारतीय बजेटबाट दोस्रो धेरै सहायता पाउने मुलुक छ। दक्षिण एसियालाई विनियोजित रकमको २० प्रतिशत रकम नेपालले पाएको छ। भारतबाट सबैभन्दा धेरै सहयोग भने भुटानले पाएको छ। भुटानले २६ अर्ब भारू सहयोग पाएको छ। यो दक्षिण एसियाको बजेटको ५६ प्रतिशत हो।

भारतले आफ्नो मुलुकका किसानलाई यसपटक थप सुविधा दिएको छ। ११ लाख करोड भारू कृषि कर्जाका लागि विनियोजन गरेको छ। उक्त रकमबाट किसानले सहुलियत पाउनेछन्। यससँगै कृषि प्राशोधन कम्पनीलाई कर छुट दिएर कृषिलाई उद्यमसँग जोड्ने प्रयास थप बलियो बनाएको छ। कृषकलाई फार्मर कार्ड बिमा र बजार पहुँचको सुविधा पनि दिएको छ। यसले भारतीय उत्पादन थप सस्तो हुनेछ। यसबाट नेपाली कृषि उत्पादनलाई भारतमा प्रतिस्पर्धा गर्न कठिन हुँदै जानेछ।

अदुवा आयातमा रोक लगाएको भारतको बजेटमार्फत त्यहाँका किसानलाई थप सुविधा दिएपछि प्रतिस्पर्धा गर्न नसकी अन्य कृषिजन्य उत्पादनको निर्यात प्रभावित हुनेछ। भारतीय विदेशमन्त्री सुस्मा स्वराजको बिहीबार भएको नेपाल भ्रमणलगत्तै केही समयका लागि भन्दै भारतले अदुवा आयात भने खोलेको छ।

भारतले जुत्ता, टेलिभिजनलगायतका उत्पादनको कच्चा पदार्थमा शुल्क बढाएको छ। यी सामान भारतमा महँगिनेछन्। भारतबाट यी सामान धेरै आयात नहुने हुँदा नेपाली उपभोक्तालाई खासै ठूलो असर पर्ने छैन। भारतीय कामकाजी मध्यम वर्ग भने बजेटबाट खुसी देखिएका छैनन्। उनीहरूले सामाजिक सञ्जालमार्फत बेखुसी प्रकट गरिरहेका छन्। कर सहुलियत सामान्य मात्रामा मात्रै दिइएकामा कामकाजी मध्यम वर्गको असन्तुष्टि आएको हो।

बजेटले वृद्धहरूलाई भने राहत दिएको छ। उनीहरूको बचतमा लाग्ने करको सीमा घटाइएको छ। स्वास्थ्य र सामाजिक सुरक्षाका लागि १ करोड ३८ लाख भारू विनियोजन गरिएको छ। सँगै गरिबलाई ग्यास वितरण कार्यक्रम ठूलो आकारमा विस्तार गरिएको छ। ८ करोड गरिब परिवारलाई निस्शुल्क ग्यास दिइने बजेटमा उल्लेख छ।

नरेन्द्र मोदी सरकारले साना तथा मझौला उद्यमलाई पनि ठूलो सहयोगको घोषणा गरेको छ। बजेटमा झन्डै ४ हजार करोड रूपैयाँको कर्जा साना उद्यमीलाई दिइने जनाइएको छ। भारतीय सरकारले ७ हजार करोड रूपैयाँको सहयोग तयारी पोसाक उद्योगलाई दिने बजेटमा उल्लेख छ। यसबाट भारतीय तयारी पोसाक उद्योग थप प्रतिस्पर्धी हुनेछ। विश्व बजारमा पहुँच बढाउन सरकारी सहुलियत यस्ता उद्योगलाई दिइएको हो। यो सहुलियतपछि नेपालका लागि ठूलो बजार मानिएको भारतमा थप समस्या हुनेछ। यसअघि काउन्टर भेलिङ डयुटी लगाएर भारतले नेपाली तयारी पोसाकलाई आफ्नो बजारमा निरूत्साहित गरेको थियो।

पूर्वाधार निर्माणलाई भारतीय सरकारले प्राथमिकतामा राखेको देखिन्छ। २ लाख करोड भारू खर्चेर भारतले ९९ सय स्मार्ट सहर बनाउने योजना बजेटमा छ। यस्ता सय सहर बनाउने योजना मोदी सरकारको छ। ७७ हजार करोड भारू खानेपानीको पहुँच बढाउन र सुधारका लागि विनियोजन गरिएको छ।

यसै आर्थिक वर्षमा ९ हजार किलोमिटर लम्बाइका राजमार्ग निर्माण सक्ने योजना पनि जेटलीले सार्वजनिक गरेका छन्। भारतमाला नाम दिइएको ३५ हजार किलोमिटर सडक बनाउने योजनाका लागि पनि यस वर्ष बजेट विनियोजन गरिएको छ। आगामी केही वर्षमा ती सडक बनाउन ५ लाख ३५ हजार करोड भारू आवश्यक पर्ने बजेटमा उल्लेख छ। यसलाई भारत सरकारले नै महत्त्वाकांक्षी योजना भनेको छ। भारतीय सीमा क्षेत्रसम्म पुग्ने यी सडकले भारतसँग नेपालको 'कनेक्टिभिटी' बढाउनेछन्।

सबैभन्दा ठूलो रेल्वे सञ्जाल रहेको भारतमा उक्त सेवाको सुधारका लागि १ लाख ४८ हजार करोड रूपैयाँ विनियोजन गरिएको छ। आम नागरिकलाई हवाई सेवामा पहुँच पुर्याउन ५६ ठाउँमा एयरपोर्ट र त्यति नै संख्यामा हेलिप्याड निर्माण गरिने बजेटमा उल्लेख छ। भारतले पर्यटक आकर्षित गर्न विशेष कार्यक्रम सार्वजनिक गरेको छ। भारत आउने पर्यटकलाई नेपालसम्म पुर्याउन सके फाइदा लिन सकिने विश्लेषकहरू बताउँछन्। दूरसञ्चार पूर्वाधार निर्माणका लागि १० हजार करोड विनियोजन गरिएको छ।

बजेटले भारतीय राष्ट्रपति, उपराष्ट्रपति र गभर्नर (प्रदेश प्रमुख) को तलब पनि बढाएको छ। नयाँ व्यवस्थापछि राष्ट्रपतिले ५ लाख, उपराष्ट्रपतिले ४ लाख र गभर्नरले साढे ३ लाख भारू तलब पाउनेछन्। भारतीय वित्तमन्त्री जेटलीका अनुसार भारत सरकारले बजेटमार्फतसन् २०१८र१९ मा २१ लाख ५७ हजार करोड रूपैयाँ खर्च गर्नेछ। जेटलीले बजेट घाटा ३.३ प्रतिशत मात्रै रहने दाबीगरेका छन्।

## जिल्ला समाचार

### सौराहामा फुड फेष्टिवल हुने

रूपन्देही। चितवनको सौराहामा १२औं सौराहा फुड फेस्टिवल २०७४ हुने भएको छ। यही माघ २८ गतेदेखि फागुन ३ गतेसम्म फेष्टिवल गर्न लागिएको छ। क्षेत्रीय रेवान सौराहाको आयोजनामा हुने फेष्टिवलमा २ करोडको कारोवार हुने र ६० लाख जति खर्च हुने अनुमान आयोजकले गरेको छ। आयोजकले बुटवलमा गरेको पत्रकार सम्मेलनमा रेवनका निवर्तमान अध्यक्ष लालबहादुर भट्टले महोत्सवमा विभिन्न छुट दिइएको बताए। रेवानमा आवद्ध रेष्टुरेन्टहरूमा १५ प्रतिशत छुट, क्षेत्रीय होटल संघ नेपाल चितवन सौराहामा आवद्ध होटलका कोठाहरूमा १५ प्रतिशत छुटको ब्यवस्था गरिएको रेवन सौराहाका अध्यक्ष गोकर्ण गिरीले बताए। त्यस्तै महोत्सवका क्रममा प्रेमपत्र लेखन प्रतियोगिता, रेष्टुरेन्ट स्टाफवीच वेटर रेस प्रतियोगितालगायतका प्रतियोगिता गरिने आयोजकले बताएका छन्।

### फोरम र राजपाको पुत्ला दहन

जनकपुरधाम। प्रदेश नं. २ को अस्थायी राजधानी जनकपुरधाममा संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालको पुत्ला दहन गरिएको छ। प्रदेशसभा बैठकमा हिन्दी भाषामा सम्बोधन गरेको भन्दै मंगलबार स्थानीय युवाहरूले जनकपुरको जानकी चोकमा संघीय फोरम र राजपाका पुत्ला जलाइएको हो। प्रदेशसभाको पहिलो बैठक आइतबार बसेको थियो सो बैठकमा राजपा र फोरमका केही सांसदले हिन्दीमा सम्बोधन गरेको भन्दै दुईपछि मंगलबार केही युवाहरूले पुत्ला दहन गरेका हुन्।

### बालविवाह न्यूनीकरणको लागि अभियान

कपिलवस्तु। कपिलवस्तु नगरपालिका वार्ड नं. ८ दोहनीका धर्मगुरूहरूले बालविवाह न्यूनिकरण गर्नको लागि साझ अभियान बनाएका छन्। दोहनीमा मुस्लिम धर्मको मौलाना तथा हिन्दु धर्मका पुरोहित पण्डितहरूको साझा बैठक सम्पन्न गरेका छन्। बालविवाह न्यूनिकरणमा धर्मगुरूहरूको धेरै नै महात्वपुर्ण भुमिका रहेको छ। धर्म अनुसार विवाह हुनु भन्द पहिला धर्मगुरूहरू संग सरसल्लाह लिने भएकाले अबका दिनमा धर्मगुरूहरूले हामी बालविवाह नागराउने जेष्ठ धर्मगुरू माधाव प्रसाद तिवारीले बताएका छन्। धर्मगुरूहरूको बैठकमा उपास्थित २७ जना धर्मगुरूहरूले एक स्वारमा अब हामी बालविवाह गराउदैन्नौ भन्ने संकलप गरेका थिए। सनसाईन सामाजिक विकास संस्थाद्धारा संचालित बालिका सशक्तिकरण कार्यक्रमले अयोजना गरेको बालविवाहरू विरूद्धको धर्मगुरूहरूको साझा अभियानमा यास्तो संकलप गरेका संस्थाका कार्यक्रम संयोजक शुसिल चौधरीले बताएका छन्।

### बज्जिका भाषा समारोह मनाइने

राकेश यादव, रौतहट। विश्व मातृभाषा दिवसको अवसर विगत ३ वर्षदेखि 'बज्जिका भाषाके विकास, हमनीके प्रयास' मूल नाराको साथ मनाउँदै आएको बज्जिका भाषा विकास समारोह यस वर्षपनि विभिन्न कार्यकम आयोजना गरी भव्यताका साथ मनाउने निर्णय गरिएको छ। रौतहटको सदरमुकाम गौर नगरपालिकाको सभाहल ग्रामिण शिक्षा विकास नेपाल रौतहटले आयोजना गरेको बजिज्का भाषीहरूको सामुहिक बैठकबाट बज्जिका भाषा र संस्कृतिको उत्थानको लागि जिल्लाभरि विभिन्न किसिमको कार्यक्रमहरूको आयोजना गरि समारोह भव्यतका साथ संचालन निर्णय गरेको हो। जिल्ला समन्वय समिति रौतहटका उप प्रमुख रामअशिस राय यादवको अध्यक्षतामा बसेको बैठकले मातृभाषाको विकास तथा संस्कृतिको संरक्षणका लागि बज्जिका भाषा विकास समारोहको परिकल्पना भई नियमित रूपमा मनाउदैं आएकोमा यस बर्ष हर्षर्सोउल्लासका साथ सबैको सहभागितामा समरोहको आयोजना गर्ने निर्णय गरिएको हो।

### प्रदेश सदस्यलाई सम्मान

विराटनगर। नेकपा (एमाले)बाट विजयी प्रदेश नं १ का प्रदेश सदस्यहरूलाई सम्मान गरिएको छ। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन प्रदेश संगठन कमिटीद्वारा आयोजित उक्त कार्यक्रममा प्रत्यक्ष तथा समानुपातिकतर्फबाट विजयी ५१ जनालाई सदस्यलाई सम्मानपत्र एवम् फूलमालाद्वारा स्वागत तथा बधाई ज्ञापन गरिएको थियो। एमाले केन्द्रीय सचिव एवम् सांसद योगेश भट्टराईले सम्मानपत्र वितरण गर्दै एक नं प्रदेशमा रहेको जलस्रोतको अपार भण्डारको उचित व्यवस्थापन गरी जनताको आर्थिक समृद्धि निर्माणतर्फ प्रादेशिक सरकार लाग्नुपर्नेमा जोड दिए।

### सरसफाईमा सुधारका लागि परियोजना

कपिलवस्तु। जिल्लाका स्वास्थ्य चौकीहरूमा खानेपानी सरसफाईको अवस्थामा सुधार गर्नका लागि एक परियोजना सूरू भएको छ। बहुक्षेत्रीय पोषण कार्यकमअन्तर्गत स्वास्थ्य संस्थाहरूमा खानेपानी सरसफाई स्वच्छता तथा पोषणमा अभिवुद्धि नामक परियोजना संचालनमा आएको छ। युनिसेफ नेपालको सहयोग र पिस नेपाल कपिलवस्तुको आयोजना उक्त परियोजना संचालनमा आएको हो। जिल्लाका सबै स्वास्थ्य संस्थाहरूको खानेपानी तथा सरसफाईको अवस्थामा स्थलगत सर्वेक्षण गरी उक्त स्वास्थ्य संस्थामा खानेपानी सरसफाईको क्षेत्रमा सुधार गर्नका लागि परियोजनाले काम गर्ने बताइएको छ। सो अन्तर्गत भगवानपुर, पथ्थरदेहिया, गुगौली, खुरहुरीया, मानपुर, राजपुर,दुवीया,महेन्द्रकोट, महुवा र पतरिया स्वास्थ्य चौकीमा खानेपानी तथा सुरसफाईका लागि तत्काल सुधार योजना लागु गरिएको छ।

## कान्ति लोकपथ सडक आयोजनाको सार्वजनिक सूचना

यस योजनाअन्तर्गत किमि ०००० बुद्धचोक, हेटौंडाबाट चौघडा, चुच्चे खोला-गैरीगाँ, चुनडाँडा शिखरटेरी जीतपुर सिमात ठिगत बजार बगुवा काल्चेभि छपेली न्याँबस्ती तीनपाने हुँदै किमि ७९००० टीकाभैरवसम्मको सडक खण्डमा सडक विस्तार तथा सुधारको लागि ठेक्का पट्टा भई सडक केन्द्र रेखाबाट दायाँ बायाँ दुबैतर्फ १५/१५ मिटर रहेकाले सो सीमाभित्र परेका घरटहरा तथा अन्य संरचना अविलम्ब हटाई सडक निर्माण कार्यमा सहयोग पुऱ्याईदिनुहुन तथा उक्त स्थानमा कुनै किसिमको नयाँ निर्माण नगर्न नगराउन हुन सबै सर्वसाधारणमा कान्ति लोकपथ सडक आयोजना हार्दिक अपील गर्दछ।

उक्त संरचनाहरूसँग सम्बन्धित सरोकारवालाहरूबाट संरचना समयमै हटाउन अटेर वा बेवास्ता गरिएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार यस आयोजनाबाटै हटाइने र उक्त कार्य गर्दा हुन सक्ने सम्पूर्ण असरहरूको जिम्मेवारी सरोकारवालाहरू स्वयंले लिनुपर्ने तथा उक्त कार्य गर्दा लागेको खर्च समेत सम्बन्धित सरोकारवालाहरूबाट नै असुल उपर गर्न सकिने समेतको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

**कान्ति लोकपथ सडक आयोजना**

कुपण्डोल, ललितपुर


भारतले मधेशी नेताहरूलाई धाप मार्दा हस्तक्षेप हुन्छ भने नेपालको निर्वाचित संविधानसभाले विधिवत् खारेज गरेको राजतन्त्र र राजालाई धाप मार्दा के हुन्छ ? चीनले दलाइ लामालाई उकास्ने देश र सरकारलाई सहन्न भने नेपालले विधिवत् खारेज गरेको राजालाई उकास्नेलाई के गर्नुपर्ला ? गहिरिएर सोचौं । **बाबुराम भट्टराई**


दुःखद कुरा के छ भने जनकपुर बासीहरू सानो-सानो कुराको लागि लडी रहनाले महत्वपूर्ण कुराहरू हाँसिल गर्न सक्दैंनन् । मेरो विचारमा लोकतन्त्र र समानता महत्वपूर्ण हो । अरू कुराहरू यसै सँग आ-आफै हाँसिल हुन्छ । **गिरिशचन्द्र लाल**


केन्द्रीकृत राज्य व्यवस्थाको लामो निरन्तरता र विभिन्न पद्धतिहरूको प्रयोगशाला रहेर पनि 'सिंहदरबार'ले आफै कति सक्षम र सामर्थ्य प्रकट गर्न सकिरहेको छर ? एकात्मक राज्य व्यवस्था आफ्नो खर्च धान्न कतिको आत्मनिर्भर हुनसकेको थियोर ? सिंहदरबारमा रजगज गरेका जनशक्ति कतिको गुणस्तरयुक्त छन् ? **चन्द्रकिशोर**


मधेशमा कुनै पनि सम्पर्क भाषा चाहिँदैन, आफ्नो सजिलो अनुसार मन लागेको स्थानीय भाषा प्रयोग गरिहाल्छ सम्पर्क भाषाको नाममा कोही-कसैले राजनीति नगरौं, मधेशमा अहिले जे मौलिक र स्थानीय भाषा छ, त्यो नै उत्तम भाषा हो । **कृष्णहरी पुस्कर**


राजनीतिक सहमति अनुसार वीरगञ्जले मुख्यमन्त्री पाउने भएपछि राजधानी त जनकपुरलाई दिनैपर्छ । दुइवटै उसैले पाउनु पर्ने सहि होइन । त्यसैले वीरगञ्जबासीले सौहाद्रता देखाएर भन्नुपर्छ राजधानी जनकपुरलाई नै बनाऔं । **निमिष झा**


एमाले अध्यक्ष केपी शर्मा ओलीको निम्तामा भारतीय विदेशमन्त्री सुष्मा स्वराज नेपाल आएर जानुभयो । उनै स्वराज फोरम अध्यक्ष उपेन्द्र यादव वा राजपा अध्यक्ष महन्थ ठाकुरको निम्तामा आउनुभएको भए कति हंगामा हुन्थ्यो होला ? **पर्शुराम काफ्ले**


पहाडी र मधेशी नेपालका दुई मुख्य अवयव हुन् । नेपाल रहेसम्म यो पहिचान रहिरहन्छ, साथै जबसम्म राजनीतिक र प्रशासनिक रूपमा दुवै समुदायको हैसियत समान (समानुपातिक) हुँदैन तबसम्म यो नारा पनि रहिरहन्छ । **सीएन खड्का**


एक समयमा नेपाली भाषा लादियो, अहिले जनकपुरियाहरू मैथिली लाद्न खोज्दै छन् । भाषा स्वतन्त्रता हुनुपर्छ । जनकपुरियालाई मैथिली बोल्न कसले रोकेको छ ? अरूलाई पनि जनकपुरियाले हिन्दी बोल्न बाट रोक्नु हुँदैन । **राकेश गुप्ता**


वीरगन्ज राजधानी भए डेढ करोडको गाडी दिने घोषणाले सबै स्थानीय हौसिए । तर, दातालाई "तिमीले यो गाडी दिने हैसियत कसरी बनायौं, राज्यलाई कति लुट्यौ र कती गरिबको स्वास्थ्यसँग खेल्यौ ? भनेर कसैले सोधेनन् । **मनिष झा**


आफ्नै पार्टीको ६ सदस्यीय अध्यक्ष मण्डलमध्ये एउटा सर्वमान्य अध्यक्ष त चयन गर्न नसक्ने राजपाका केही चतुर नेताहरूले प्रदेश २ मा आलोपालो मुख्यमन्त्री हाक्ने निर्लज्ज प्रस्ताव गर्नु नौलो कुरै होइन । बरू, आलोपालो अध्यक्ष बन्दै पार्टी नै चलाउनुस्, मुख्यमन्त्री पाईदैन । **महेश चौरासिया**

## सांसदलाई उनकै तौल बराबर लड्डुले स्वागत


रौतहट । नेपाली कांग्रेसका नेता एवम पूर्व यातायत मन्त्री तथा रौतहट क्षेत्र नं.२ का प्रतिनिधि सभा सदस्य महम्मद आफताब आलमलाई रौतहटबासीले उनको तौल बराबर लड्डुले स्वागत गरेका छन् ।

रौतहट क्षेत्र नं. २ मा आलम निर्वाचित भइसकेपछि राजपुर नगरपालिका डुमरीया टोलका स्थानीयहरूले सांसद आलमलाई उनका वजन बराबरको लड्डुले स्वागत गरेका हुन् । पाँच वर्षदेखि रौतहट क्षेत्र नं. २ को विकास नभएकाले अब निर्वाचित भएका सांसद आलमले विकास गर्ने भन्ने उद्देश्यले सबै खुसी भएर यसरी स्वगत गरेको स्थानीयवासी अबु मोहम्मदले बताए । नेताको उच्च सम्मानमा ७५ किलो वजन बराबरको लड्डु तराजुमा राख्दै तौल गरे पछि स्थानीयहरू हर्षित भएका थिए ।

## "नेपालगन्ज पश्चिम नेपालको केन्द्रविन्दू"

नेपालगन्ज । नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा प्रदेश ५ का संसदीय दलका नेता शंकर पोखरेलले प्रदेशको राजधानी कहाँ राख्नेभन्दा पनि विकासको मोडेल के हुने भन्ने विषयमा अबको बहस केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् । प्रेस चौतारी नेपालको २०औं स्थापना दिवसका अवसरमा नेपालगन्जमा आयोजित कार्यक्रममा बोल्दै नेता पोखरेलले उक्त धारणा राखेका हुन् । 'नेपालगन्ज पश्चिम नेपालको केन्द्रबिन्दु हो, तर पनि प्रदेश राजधानी सम्भव नहुन सक्छ,' उनले भने,'यहाँका राजनीतिक दल, उद्योगी-व्यवसायी सबैले आर्थिक राजधानीका लागि आवाज उठाउनु जरूरी छ ।' विकासको सम्भावना बोकेका र पूर्वाधार भएका प्रदेश ५ का तीन मुख्य सहरलाई विकासको परियोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिँदै उनले नेपालगन्जलाई आर्थिक राजधानीका रूपमा विकास गर्न सकिने बताए ।

पोखरेलले नेपालगन्जका सन्दर्भमा राजधानीका विषयमा भन्दा पनि आर्थिक राजधानीका लागि अघि बढ्न सबैलाई आग्रह गरे । 'मानसरोवरसहित प्रदेश ६ र ७ को ट्रान्जिटका रूपमा नेपालगन्ज रहेकाले यसलाई अझ मजबुत पार्न आवश्यक पूर्वधारको विकास गरिनुपर्छ,' नेता पोखरेलले भने, 'नेपालगन्जले आर्थिक समृद्धिको यात्रालाई जोड्न सक्छ, यहाँको विकास र योजनालाई जनतासँग जोड्नुपर्छ ।'

## स्टाटअप क्यान इन्फोटेक मेला हुने

**चन्द्रकान्त खनाल,** रूपन्देही । बुटवलमा फाल्गुण २ गतेदेखि ६ गतेसम्म हुने सातौं स्टाटअप क्यान ईन्फोटेकको तयारी तीव्र पारिएको छ । प्रचार प्रसार, ब्यानर, पम्प्लेटिङ लगायतका कामलाई पनि व्यापक बनाइएको छ । क्यान महासंघ रूपन्देहीको आयोजनामा मेलास्थल बुटवल मण्डपमा सरोकारवालाहरूसँग छलफल गरिएको हो । सहभागी २५ भन्दा बढी व्यावसायिक तथा सरोकारवाला संघ संस्थाका प्रतिनिधिले मेलाले बुटवलमा मात्र नभइ प्रदेश ५ लाई नै सूचना प्रविधिमा अघि बढाउन मद्दत गर्ने बताए । कर्यक्रममा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष खेम हमालले मेलाले सबै दर्शकलाइ सूचना प्रविधिसँग जोड्ने बताए । संस्थाका अध्यक्ष नारायण श्रेष्ठले मेलाले पुर्याउने योगदान र यससँग जोडिएका विषयवस्तुका बारेमा जानकारी गराए ।

## नेपाल चेम्बर र कन्फेडेरेसन अफ वेष्ट वंगाल ट्रेड एशोसियशनबीच हस्ताक्षर

काठमाडौं । नेपाल चेम्वर अफ कमर्स र भारतको कन्फेडेरेसन अफ वेष्ट वंगाल ट्रेड एशेसिएशनबीच समझदारीपत्र (एमओयु)मा हस्ताक्षर भएको छ । भारतको कलकत्तामा भएको एक कार्यक्रमवीच दुई पक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीपत्रमा नेपाल चेम्वर अफ कमर्सकोतर्फबाट अध्यक्ष राजेश काजी श्रेष्ठ र कन्फेडेरेसन अफ वेष्ट वंगाल ट्रेड एसोसिएशनकातर्फबाट अध्यक्ष शुसिल पोद्दारले हस्ताक्षर गरेका छन् । समझदारीपत्रमा हस्ताक्षरपछि नेपाल चेम्वर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले नेपालमा लगानी गर्न भारतीय पक्षसँग आग्रह गरे । नेपाल चेम्वर अफ कमर्सले हालसम्म ५६ मुलुकहरूसँग समझदारीपत्रमा हस्ताक्षर गरिसकेको छ ।

## प्रदेश २ मा...

छलफलको लागि पेश गरेको अन्तिम निर्णय नभएको बताएका छन् ।

यद्यपी फोरम नेपालले प्रदेश दुईमा मुख्यमन्त्री बनाउने भएपछि राजपा नेपालले त्यसको बदलामा चार मन्त्रालय र सभामुख माग गरेको हो ।

अढाई वर्ष फोरम नेपाल र अढाई वर्ष राजपा नेपालले मुख्यमन्त्री बनाउने राजपाको नयाँ प्रस्तावबाट फोरम अध्यक्ष उपेन्द्र यादव झस्केको ती पार्टीका नेताहरूको भनाइ छ ।

हुन त पहिलो बैठकबाट दुबै पार्टी ठोस निर्णयमा पुग्न नसके पनि अर्को बैठक कहाँ र कहिले बस्ने भन्ने विषयमा दुबै पार्टीका नेताहरू अनभिज्ञता प्रटक गर्छन् । तर राजपा सहमहामन्त्री झा बैठक छिटो बस्ने बताए ।

स्रोतका अनुसार गृह, अर्थ, भौतिक योजना र कृषि मन्त्रालय राजपा नेपाल आफूले चाहेको र अरू दुई बाँकी मन्त्रालय फोरम नेपाललाई दिन चाहेको छ । तर, फोरम नेपालले प्रदेश सरकारको नेतृत्व लिएपछि सरकार कस्तो बनाउने आफूहरूको जिम्मेवारीको विषय भएको तर्क गर्छ ।

**वाम दलको प्रवेश**

प्रदेश २ मा राजपा नेपाल र फोरम सरकार बनाउन तयारी गरिरहदा वाम गठबन्धन पनि सल्बलाउन थालेका छन् । वाम गठबन्धनले दुबै मधेशी दलसँग एक चरण छलफल गरेर उनीहरूको नाडी छामि सकेको छ ।

केही दिन अघि मात्र जनकपुरमा राजपा नेपालका नेता राजेन्द्र महतोले एमाले नेता रघुवीर महासेठसँग छलफल गरेका हुन् भने त्यसअघि पनि काठमाडौंमा एमाले अध्यक्ष केपी ओली सहितका नेताहरू फोरम अध्यक्ष यादव र राजपा नेपालका नेता महन्थ ठाकुर, महतो सहितसँग छुट्टाछुट्टै कुराकानी गरिसकेका छन् ।

यसले के संकेत गर्छ भने वाम गठबन्धन, जसको प्रदेश २मा बहुमत छैन, उसले पनि सरकार गठनमा चासो दिएको छ ।

उपेन्द्र यादवले केन्द्रीय सरकारमा वाम गठबन्धनसँग पनि मिल्न सक्ने दिएको अभिव्यक्ति प्रदेशमा फोरम-वाम गठबन्धनको सरकार बन्ने रणनीति त होइन भन्ने संशय पनि बढेको छ ।

## 'मधेश' विषयमा विद्यावारिधि गर्ने दुई जना थपिए




काठमाडौं । 'मधेश'को विषयमा विद्यावारिधि गर्ने दुई जना थपिएका छन् । मधेश आन्दोलनलाई नजिकबाट नियालेका प्राध्यापक विजयप्रसाद मिश्रले 'नेपालमा मधेश आन्दोलन' विषयमा विद्यावारिधि गरेका छन् । सिरहा निवासी मिश्र पाटन संयुक्त क्याम्पसका प्राध्यापकसमेत हुन् । यस्तै, सिरहाका समाजसेवी जयनारायण यादवले भारतको दिल्लीबाट 'मधेशी पहिचान ( Madhesi Identity) विषयक विद्यावारिधि गरेका हुन् । यादव समाजसेवी तथा सिरहास्थित रेडियो आकाशगंगाका स्टेशन प्रमुखसमेत हुन् ।

अहिलेसम्म मधेशका विषयमा तीन जनाले विद्यावारिधि गरेका छन् । यसअघि वि.सं. २०७२ सालमा 'मधेश आन्दोलन र मधेशवादको विकासक्रम' विषयमा त्रिभुवन विश्वविद्यालयबाट डा. राजेश अहिराजले विद्यावारिधि पूरा गरेका थिए ।

## राष्ट्रियसभा सदस्य निर्वाचन परिणाम

| प्रदेश | समूह | उम्मेदवार | दल | कैफियत |
|---|---|---|---|---|
| १. | खुला | हरिचरण सिवाकोटी | एमाले | निर्विरोध |
| | | परशुमेघी गुरुङ | एमाले | निर्विरोध |
| | | रमेशजंग रायमाझी | कांग्रेस | निर्विरोध |
| | महिला | नैनकला ओझा | एमाले | निर्विरोध |
| | | विना पोखरेल | माओवादी | निर्विरोध |
| | | सरिता प्रसाई | कांग्रेस | निर्विरोध |
| | दलित | खेम नेपाली | एमाले | निर्वाचित |
| | अपाङ्ग वा अल्पसंख्यक | अगम वान्तवा | एमाले | निर्वाचित |
| २. | खुला | सुमन प्याकुरेल | एमाले | निर्विरोध |
| | | जितेन्द्रनारायण देव | कांग्रेस | निर्विरोध |
| | | रमेश यादव | राजपा | निर्विरोध |
| | महिला | मुक्ताकुमारी यादव | कांग्रेस | निर्विरोध |
| | | प्रमिला यादव | फोरम | निर्विरोध |
| | | शलीकला दाहाल | माओवादी | निर्विरोध |
| | दलित | रामप्रीत पासवान | फोरम | निर्विरोध |
| | अपाङ्ग वा अल्पसंख्यक | वृषेशचन्द्र लाल | राजपा | निर्विरोध |
| ३. | खुला | रामबहादुर थापा बादल | माओवादी | निर्वाचित |
| | | वलराम बाँस्कोटा | एमाले | निर्वाचित |
| | | राधेश्याम अधिकारी | कांग्रेस | निर्वाचित |
| | महिला | पार्वती रावल | एमाले | निर्वाचित |
| | | उदया शर्मा | एमाले | निर्वाचित |
| | | धना खतिवडा | कांग्रेस | निर्वाचित |
| | दलित | सिंहबहादुर विक | एमाले | निर्वाचित |
| | अपाङ्ग वा अल्पसंख्यक | रामचन्द्र राई दनुवार | एमाले | निर्वाचित |
| ४ | खुला | गणेश तिमिल्सिना | एमाले | निर्वाचित |
| | | दीनानाथ शर्मा | माओवादी | निर्वाचित |
| | | सुरेन्द्रराज पाण्डे | कांग्रेस | निर्वाचित |
| | महिला | शान्ति अधिकारी | एमाले | निर्वाचित |
| | | दीपा गुरुङ | एमाले | निर्वाचित |
| | | वृन्दा राना मगर | कांग्रेस | निर्वाचित |
| | दलित | खिमकुमार विक | माओवादी | निर्वाचित |
| | अपाङ्ग वा अल्पसंख्यक | प्रकाश पन्त | कांग्रेस | निर्विरोध |
| ५ | खुला | खिमलाल भट्टराई | एमाले | निर्विरोध |
| | | चन्द्रबहादुर खड्का | माओवादी | निर्विरोध |
| | | दुर्गाप्रसाद उपाध्याय | कांग्रेस | निर्विरोध |
| | महिला | मीना बुढा | एमाले | निर्विरोध |
| | | कोमल वली | एमाले | निर्विरोध |
| | | अनिता देवकोटा | कांग्रेस | निर्विरोध |
| | दलित | रामलखन हरिजन | एमाले | निर्विरोध |
| | अपाङ्ग वा अल्पसंख्यक | राजकुमार कुँवर | माओवादी | निर्विरोध |
| ६ | खुला | भैरवसुन्दर श्रेष्ठ | एमाले | निर्वाचित |
| | | ठगेन्द्र पुरी | एमाले | निर्वाचित |
| | | काली बहादुर मल्ल | माओवादी | निर्वाचित |
| | महिला | कविता बोगटी | एमाले | निर्वाचित |
| | | नन्दा शर्मा | एमाले | निर्वाचित |
| | | युटुल लामा | माओवादी | निर्वाचित |
| | दलित | नरपति लोहार | एमाले | निर्वाचित |
| | अपाङ्ग वा अल्पसंख्यक | जीवन बुढा | माओवादी | निर्वाचित |
| ७ | खुला | शेरबहादुर कुँवर | एमाले | निर्विरोध |
| | | हरिराम चौधरी | माओवादी | निर्विरोध |
| | | बद्री पाण्डे | कांग्रेस | निर्विरोध |
| | महिला | इन्दु कडेरिया विष्ट | एमाले | निर्विरोध |
| | | कमला ओली | एमाले | निर्विरोध |
| | | तारादेवी भट्ट | कांग्रेस | निर्विरोध |
| | दलित | चक्रप्रसाद स्नेही | एमाले | निर्वाचित |
| | अपाङ्ग वा अल्पसंख्यक | महेशकुमार महरा | माओवादी | निर्वाचित |






## पूर्वराजा भारतमा


काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह दुई साता भ्रमणका लागि भारत पुगेका छन् । बुधबार उडिसाको राठीपुरमा हुने अन्तर्राष्ट्रिय गौ सम्वर्द्धन महोत्वसमा पूर्वराजा शाहलाई 'नेपालका राजा'कै हैसियतमा सहभागी हुन निम्तो पठाइएको स्रोतले जनाएको छ । सोही अवसरमा गौमाता मन्दिरको शिलान्यास गर्ने कार्यक्रम पनि छ । 'लोपोन्मुख' भारतीय देसी गाई जोगाउने उद्देश्य रहेको संगठन श्रीमार्गले आयोजना गर्ने कार्यक्रममा सहभागी हुन पूर्व राजा भारतको उडिसा गएका हुन् । दुई साता लामो भारत भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्ने क्रममा सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग संक्षिप्त प्रतिक्रिया दिंदै उनले प्रकृतिबाट पनि सिक्न सकिने भन्दै रूखका पातहरू झरे पनि, फेरिए पनि जरा कहिल्यै नफेरिने बताए ।


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं